# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
## रामगोपालपुर नगरपालिका
## महोत्तरी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २३६

मिति : २०७७।३।३१

श्री नगर प्रमुखज्यू,
रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, महोत्तरी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।०७७
च.नं  २३६

मितिः २०७७।३।३१

श्री नगरप्रमुखज्यू,
रामगोपालपुर नगरपालिका
महोत्तरी ।

## विषयः  लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ३ करोड ३३ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ४७ लाख ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ३३ लाख ५६ हजार नियमित गर्नुपर्ने रु ३५ लाख ३० हजार पेश्की बाँकी रु १६ लाख ९६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।८।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४७ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..............................
(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np        Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# रामगोपालपुर नगरपालिका
## लेखापरिक्षण प्रतिवेदन
## आ.व.२०७५।०७६

**परिचय -**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले रामगोपालपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नुनै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत ९ वडा, ५० सभा सदस्य रहेका छन् । ३९.५४ व.कि.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ३०४१२ रहेको छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम रामगोपालपुर नगरपालिकाले प्राप्त गरेका आय,अनुदान तथा साहायता र स्थानीय सरकारबाट संचालन भएको आय -व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २७९०००००।०० | १ | **चालु खर्च** | | २१२४५९९५८।३१ |
| | क) नगद | | | | सामाजिक सुरक्षा | ३५०१७०००।- | |
| | ख) बैंक | २७९०००००।०० | | | गरिबसंग विशेश्वर कार्यक्रम | ३९४०००।- | |
| २ | **राजश्व (आन्तरीक आय)** | | ६८८४६०००।०० | | बहुक्षेत्रिय पोष कार्यक्रम | १३८६०००।- | |
| | क) आन्तरीक राजश्व | ५३००००००।०० | | | सशर्त अनुदान | ११३३००३२४।२ | |
| | ख) राजश्व बांडफांड | ६३५४६०००।०० | | | सेवा निवृत्त संचित विदा | ३८६१५८।६७ | |
| | ग) अन्य आय | | | | औषधी उपचार | ६६३४९०।८ | |
| ३ | **वित्तिय हस्तानान्तरण** | | २१६५६००००।०० | | संघीय राजश्व बांडफांड | ५०७३७२१६।४३ | |
| | क) वित्तिय समानीकरण अनुदान | ९४२०००००।०० | | | आन्तरीक चालु | ५०७६२६८।२५ | |
| | ख) सशर्त अनुदान | १२२३६००००।०० | | | अन्य खर्च कोष | ५४९९५००।- | |
| | ग) समपुरक अनुदान | ०।०० | | २ | **पुंजीगत खर्च** | | १४४१०२१३८।०० |
| | घ) विशेष अनुदान | ०।०० | | | बित्तीय समानिकरण | ९४२०००००।- | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ८२०१०००।०० | | राजश्व बांडफांड | १२८०८७८४।- | |
| | क) वित्तिय समानीकरण अनुदान | २७०६०००।०० | | | आन्तरीक कोष | २२४२६५५०।- | |
| | ख) सशर्त अनुदान | ३३०००००।०० | | | प्रदेश सरकार | ६२२९७२५।- | |
| | ग) समपुरक अनुदान | ०।०० | | | स्थानीय पुर्वाधार | २०६००७९।- | |
| | घ) विशेष अनुदान | ०।०० | | | झोलुङगे पुल | ११७७०००।- | |
| | ङ) प्रदेश राजश्व बांडफांड | २१९५०००।०० | | | मधेश समृद्धि कार्यक्रम | ५२०००००।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तिय व्यवस्था प्राप्ती** | | | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) सांवा प्राप्ती | | | | | | |
| | ग) व्याज प्राप्ती | | | | | | |
| | घ) अन्य प्राप्ती | | | | | | |
| | **विभिन्न कोष तर्फको आय** | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| १० | धरौटी आय | | ३७११५०२।५५ | | क) ऋण भुक्तानी | | |
| ११ | लगानीको सांवा फिर्ता | | | | ख) व्याज भुक्तानी | | |
| १२ | अन्य विविध आय | | ५४९९५००।०० | | ग) अन्य भुक्तानी | | |
| १३ | सामाजिक सुरक्षा | | ३५०१७०००।०० | ४ | लगानी | | |
| १४ | स्थानीय पूर्वाधार कार्यक्रम | | २०६००७९।०० | | ऋण लगानी | | |
| १५ | झोलुगें पुल | | ११७७०००।०० | | शेयर लगानी | | |
| १६ | गरिबसंग विशेश्वर कार्यक्रम | | ३९४०००।०० | | अन्य लगानी | | |
| १७ | मधेश समृद्धी कार्यक्रम | | ५२०००००।०० | ५ | धरौटी फिर्ता | | १९४१७५०।०० |
| १८ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | १३८६०००।०० | ६ | कोष खर्च | | ०।०० |
| १९ | सेवानिवृत्त संचित विदा कार्यक्रम | | ३८६१५८।६७ | ७ | मौज्दात | | १८४९७८८४।७१ |
| २० | सेवा निवृत्त औषधी उपचार | | ६६३४९०।८० | | क) नगद मौज्दात | | |
| | | | | | ख) बैंक मौज्दात | १८४९७८८४।७१ | |
| | **जम्मा** | | ३७७००१७३१।०२ | | | | ३७७००१७३१।०२ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७६ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :-<br>लेखा परीक्षणको क्रममा रु १०५०००।०० असुल भई राजश्वमा दाखिला भएको छ । | |
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५।७६ को आय व्ययको विवरण २०७६।३।१० मा सभामा पेश गरेकोमा २०७५।०६।२१ मा सभावाट स्वीकृत भएको देखियो । | |
| २. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार नगरेको :** स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुरुप लेखा तयार गरी प्रतिवेदन गरेको देखिएन । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखा राख्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ३. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त सफ्टवेयरको प्रयोग गरेको देखिएन । लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउनु पर्दछ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण गरी प्रतिवेदन नदिएकोले जिन्सीको हिनामिना तथा दुरुपयोग हुन सक्ने<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये १०० प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट निर्धारण गरेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि अर्धवार्षिक रुपमा मौजुदा सूची तयार गरिएको पाइएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>● विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री र ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी प्यान बिल र भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा गराएको छैन ।<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>● सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति,रनिङ्गबिल कार्य सम्पन्न प्रतिवेदनमा मिति उल्लेख गर्ने नगरेको।<br>● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>● कन्टिन्जेन्सी खर्चको अनुपात मिलाई खर्च गरेको अभिलेख रजिष्टर नराखेको,<br>● निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीको पद अनुसार कार्य विवरण बनाई लागु नगरेको । | |
| ५. | **दोहोरो योजना -** नगर स्तरिय र वडा स्तरिय गरी योजना वाडँफाँड गरेकोमा एउटै प्रकृतिका योजना गापा र वडामा दोहोरो रुपमा वाँडफाँड गर्नु उपयूक्त देखिएन । नगर स्तरिय र वडा स्तरिय भन्नु समग्र रुपमा नगरपालीका अर्न्तगतका योजना हुने हुदाँ दोहोरो रुपमा योजना तय गरी रकम वाँडफाँड गर्दा कार्यमा समस्या, रकमको वर्गिकरण तथा वितरणमा असर पर्ने देखिन्छ । गापा स्तरिय र वडा स्तरिय योजनामा दोहोरो परेका सरसफाई, विपद व्यवस्थपन, आकस्मिक , खेलकुद, पुर्नस्थापना, पर्यटन प्रवर्द्धन , कला संस्कृति, शैक्षिक गुणस्तर आदि रहेका छन । वडा स्तरिय कार्यमा उपरोक्त योजनामा रकम वाँडफाँड र स्वीकृत भएतापनि नगर स्तरिय योजनामा यस्ता कार्यक्रमको लागि वजेट छुट्याएको देखिँदा दोहोरो नपर्ने गरी योजना छनौट गर्नु आवश्यक छ । | |
| ६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ७. | **राजस्व लेखा र श्रेस्ता सम्बन्धमा:** आर्थिक कार्यविधि २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व श्रेस्ता सम्बन्धमा उल्लेख गरिएको छ । जसअनुसार राजस्व श्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिसमा महालेखापरीक्षकबाट विभिन्न फाराम तथा खाताको व्यवस्था छ । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फाराम तथा खाताहरुको प्रयोग गरी राजस्व श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । यस कार्यालयले यस वर्ष प्राप्त गरेको विभिन्न किसिमका राजस्व (मालपोत दस्तुर, पञ्जीकरण शुल्क आदि) आर्जन गरेकोमा रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टिको लागि प्रयोग गरीने दैनिक आम्दानी खाता ( म.ले.प.फा.नं. १०८) खाता तथा विवरण राखेको पाईएन । यस्तो अवस्थामा राजस्व आम्दानी लक्ष्य अनुसार भयो भएन एकिन गर्न सकिदैन र राजस्व दाखिला भएको रकमलाईनै वास्तविक आय मान्नुपर्ने हुँदा राजस्व संकलनमा अनियमितता हुन सक्ने सम्भावना हुन्छ । अतः कार्यालयले | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | उल्लेखित खाता तथा विवरण राखि राजस्व श्रेस्ता अद्यावधिक गरी र राजस्व संकलनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ । | |
| ८. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वियन गर्न्पर्दछ । | |
| ९. | **योजनागत लक्ष्य प्रगति** : नगपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आ.व. मा नगरसभाबाट कुल २०२ योजना स्वीकृत गरेकोमा कार्यालयबाट सम्पन्न योजना र कार्य सम्पन्न गर्न नसकेको योजनाको बिवरण पेश हुन नआएकोले यस सम्वन्धमा बिश्लेषण गर्न सकिएन । | |
| १०. | **गत बर्षको जिम्मेवारी नभिडेको :** गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिडनुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु २७९४०४५९।४० रहेको देखियो । सोही रकम नै यो वर्षको शुरु मौज्दात हुनुपर्नेमा रु २७९०००००। जिम्मेवारी सारेकोले रु ४०४५९।४० फरक परेको देखियो । अ.ल्या. जिम्मेवारी फरक रकम सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु | ४०४५९.४० |
| ११. | **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा शुन्य प्रतिशत, दोश्रो चौमासिकमा ० प्रतिशत र तेश्रो चौमासिकमा १०० प्रतिशत रु. १०,७४,७०,३२९.०० खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ९१ प्रतिशत अर्थात ९,७५,३५,८१६.०० खर्चगरेकोछ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न चौमासिक रुपमा सन्तुलित हुने गरी खर्च गरिनुपर्दछ । | |

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | ६७६७६९७५।- | ० | ० | ६७६७६९७५।- | ६७५५३६२२।- |
| अ.ल्या पुजिगत | २००५११५२।- | ० | ० | २००५११५२।- | १२७२२७२०।- |
| आन्तरिक पुजिगत | २३७५३९८।- | ० | ० | २३७५३९८।- | २३७५३९८।- |
| सडक बोर्ड | २५०००००।- | ० | ० | २५०००००।- | २५०००००।- |
| प्रदेश समानिकरण | ९५९७१५।- | ० | ० | ९५९७१५।- | ९५९७१५।- |
| झोलुङ्गे पुल | ११७७०००।- | ० | ० | ११७७०००।- | ११७७०००।- |
| प्रदेश सशर्त अनुदान पुजिगत | ३२८९५००।- | ० | ० | ३२८९५००।- | ३२८९५००।- |
| प्रदेश राजश्व बांडफाड पुजिगत | २१८०५१०।- | ० | ० | २१८०५१०।- | २१८०५१०।- |
| तराई मधेश समृद्धि कार्यक्रम | ५२०००००।- | ० | ० | ५२०००००।- | २७१७२७२।- |
| स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम | २०६००७९।- | ० | ० | २०६००७९।- | २०६००७९।- |
| जम्मा | १०७४७०३२९।- | ० | ० | १०७४७०३२९।- | ९७५३५८१६।- |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| १२. | **कन्टिजेन्सी खर्च :** अर्थ मन्त्रालयको ०७०।१।१४ को परिपत्र बमोजिम नगरपालिकाले खर्च गर्ने पूँजीगत रकमको ५ प्रतिशत कन्टिन्जेन्सी मध्ये २ प्रतिशत पूजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले पुँजीगत खर्चको ३ प्रतिशत कन्टिनजेन्सी वापत रु २१,२४,०००।०० खर्च गर्द पूँजीगत र चालु खर्च अर्थात वर्क स्टाफ चार्ज र अन्य साना तिना खर्च भनी छुटयाएर स्पष्ट अभिलेख नराखेको र उक्त खर्च नापी कितावमा समावेश नगरी बजेट खर्च लेखेको विवरण पेश भएको छ । अर्थ मन्त्रालय तथा सडक विभागले गरेको परिपत्र समेतलाई आधार लिई कार्यविधि बनाई खर्च गर्नुपर्नेमा कार्यविधि | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>नबनाई आवश्यकता अनुसार खर्च गरेको नियम सम्मत देखिएन । अत: सम्बन्धित योजनासंग आवध्द गरी नापी कितावमा चढाई बर्क स्टाफ चार्ज र अन्य सानातिना खर्चको अनुपात मिलाई नियमसंगत र पारदर्शीरुपमा खर्च गर्न ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>फ्रिज :आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक अन्य बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । खर्च नभई बाँकी रहेको निम्नानुसार फ्रिज हेने रकम रु ४३२०८८५३।७६ को.ले.नि.का.मा फिर्ता दाखिला गरेको छ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>निर्माण कार्य : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सोवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वब परियोजनाको मूख्य उदेश्यनै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता , समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिन उल्लेख छ । नगरपालिकाले अधिकाँश याजनाहरु उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत देखिएन । प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य  गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>बीमा :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सडक निर्माण, भवन निर्माण , बिद्युतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरि प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>गुणस्तर परीक्षण :सार्वजनिक खरिद नयमाबली , २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सवारी साधन खरिदको विवरण :- आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दिर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिई खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष १ वटा मोटरसाईकल र २ वटा जिप खरिद गरेको छ । नेपाल सरकार लाई दिर्घकालिनरुपमा सवारी चालक , इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमती नलिई खरिद गर्नेकार्य नियमसंगत भएन ।
<table>
<tr><th>क्र.सं</th><th>सवारी साधन</th><th>खरिद संख्या</th><th>मूल्य</th><th>प्रयोग गर्ने पदाधिकारी संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जीप</td><td>२</td><td>१३६०००००/-</td><td>२</td><td>(१- मेयर र १- नि.प्र.प्र.अ)</td></tr>
<tr><td>२</td><td>मोटरसाइकल</td><td>११</td><td>—</td><td>बिभिन्न कर्मचारीहरु</td><td>१ थान यस वर्ष खरिद</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td>उपभोक्ता समितिको कार्य :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | कागजातमा उल्लेखित विवरण स्पष्ट गरी उल्लेख गर्नुपर्दछ। | |
| १९. | **कार्यालय प्रमुख र लेखा प्रमुख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानून बमोजिम नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई काम गर्न खटाउने उल्लेख छ । नगरपालिकामा राजपत्राङ्कित दित्तीय श्रेणीका निजामती कर्मचारी प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रहेकोमा २०७५।११।२० देखि उक्त पद रिक्त रहेकोले मंत्रालयले २०७६।१।३० देखि हालसम्म जिल्ला बिकास समितिबाट समायोजन भएका अधिकृत छैठौं तहका कर्मचारीलाई निमित्त प्रमुखका रुपमा जिम्मेबारी दिएको देखियो ।<br><br>त्यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय आर्थिक प्रशासन शाखाको च.न. १०६२ मिति २०७६।२।७को पत्रानुसार कर्मचारी समायोजन ऐन अनुसार स्थानीय तहको लेखा राख्ने प्रयोजनका लागि निजामती कर्मचारीको व्यवस्थापन गर्ने र दुर्गम क्षेत्र बिकास जस्ता अन्य सरकारी सेवका कर्मचारीबाट समायोजन भएका कर्मचारीलाई अन्य मिल्दो प्रकृतिको अन्य जिम्मेवारीमा काम लगाउने भनी २०७६।२।७ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको छ । यस नगरपालिकामा निजामतीसेवाका लेखा प्रमुख नखटाई जिल्ला बिकास समितिबाट समायोजन भएका आन्तरिक लेखापरिक्षक अधिकृत छैठौं तहका कर्मचारीलाई २०७६।२।११ देखि हालसम्म खटाएको र निजलाई जलेश्वर नगरपालिका र जिल्ला समन्वय समितिको समेत ३ कार्यालयको जिम्मेवारी दिएकोले एक कर्मचारीबाट आर्थिक प्रशासन सञ्चालन गर्न कठिनाई रहेको देखियो । अत: नगरपालिकाको कार्य सञ्चालन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन दरबन्दी अनुसार निजामती सेवाका उपसचिव र लेखाप्रमुख नियुक्त गर्न गराउन ध्यान दिनु पर्दछ । | |
| | **आन्तरीक श्रोत चालु खर्च तर्फ :-** | |
| २०. | **प्रोत्साहन भत्ता** : नेपाल सरकारबाट खटाएका निजामती कर्मचारी र मंत्रालयले स्वीकृत गरेका प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमणभत्ता, कार्य सञ्चालन खर्च, क्षमता बिकास खर्च, सामाजिक परिचालन खर्च गर्न पाउने व्यवस्था छ । बिभिन्न कर्मचारलिाई मासिक तलवको २५ प्रतिशत प्रोत्साहन भत्ता वापत रु १०४३७७४।२५, प्रमुख प्रशासकीय अधिकृत लाई घर भाडा वापत रु १९२०००। भान्छे सुविधा बापत रु १४००००। र सञ्चार खर्च बापत रु १५०००। समेत रु १३९०७७४।२५ नगरकार्यपालिकाको निर्णयानुसार सुविधा उपलब्ध गराएको देखियो । कुन काम कति अत्तिरिक्त समय काम गरेको र प्रोत्साहन भत्ता दिनुपर्ने आधार स्पष्ट गरी कार्यविधि तयार नगरी प्रोत्साहन भत्ता दिने कार्य नियमसंगत र उपयुक्त देखिएन। आधारमा प्रोत्साहन भत्ता भुक्तानी गरेको खुलाई पेश भएको छैन । प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी लाई घरभाडा , भान्छे सुबिधा र सञ्चार खर्च दिन मिल्ने कानूनी आधार नभएकोले यस्तो खर्चमा नियन्त्रण गरी ऐन नियम बिपरित प्रोत्साहन भत्ता भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु | १०४३७७४.२५ |
| | **ब.उ.शि.नं. ३६५८४७ बहुक्षेत्रीय पोषण कार्यक्रम** | |
| २१. | **८-२०७६।३।८** समाज बिकास संस्था पिपरा गा.पा. ७ का अध्यक्ष श्री हरी नारायण ठाकुरले रामगोपालपुर न.पा.को वडा नं. ४,५,र ९ मा सडक नाटक कार्यक्रमको पेश्की फछ्यौट गर्दा अनुगमन खर्च रु ३५००।- का दरले ३ दिनको रु १०५००।- खर्च लेखेकोमा कुनै अनुगमन प्रतिवेदन तथा रकम बुझेको भरपाई संलग्न नरहेको र कति जनाले अनुगमन गरेको भनि कुनै प्रमाण पेश भएको छैन । नगर क्षेत्र भित्र पदाधिकारी तथा कर्मचारीलाई भत्ता दिन नमिल्ने हुँदा सम्वन्धितबाट असुलउपर गर्नुपर्ने रु. | १०५००.०० |
| २१.१ | **८-२०७६।३।८** :प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड निर्देशिका ,२०७५ अनुसार प्रतिवेदन बापत रु १०००।- भुक्तानी दिनुपर्ने व्यवस्था छ । सडक नाटक कार्यक्रमको लागि लिएको पेश्की रु १०००००।- को पेश्की फछ्यौट गर्दा एका पाने प्रतिवेदा वापत मुरली ठाकुर लाई रु ४५०० भुक्तानी गरेको छ । यसरी एक पाने प्रतिवेदनको वढीमा रु १०००।- भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी गरेको रु ३५००।- असुलउपर गर्नुपर्ने रु | ३५००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>२१.२</td><td>कार्यलय र समाज विकास संस्था, पिपरा गा.पा.७ विचको सम्झौता अनुसार सडक नाटक को कुल खर्च मध्ये १० प्रतिशत सम्वन्धित संस्थाले व्यहोर्नुपर्नेमा सम्पुर्ण खर्च रु १०००००।- कार्यलय बाट नै भुक्तानी गरेको देखियो । यसरी सम्झौता अनुसार रु १०००००।- को १० प्रतिशत ले हुन आउने रु १००००।- बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु.</td><td>१००००.००</td></tr>
<tr><td>२२.</td><td>१९–२०७६।३।३१ कार्यालयका स्वास्थ्य संयोजक श्री दुखरण पण्डितले ९ वटा वडामा पोषण कार्यक्रमको लागि लिएको पेश्की फछ्यौट गर्दा पेश गरेको बिल भरपाई मा जिल्ला संयोजक श्री व्रजेश कुमार झालाई अनुगमन बापत ९ दिनको रु १४००। का दरले भत्ता र रु ६००।- का दरले यातायात खर्च समेत रु १६१००।- भुत्तानी गरेकोमा अनुगमन फारममा वडा नं. ९,५ र ३ मा मिति २०७६।३।२९ र वडा नं. ६ र ४मा २०७६।३।२८ उल्लेख रहेको छ । यसरी एउटै मितिमा बिभिन्न वडा अनुगमन गर्दा एक पटकको मात्र अनुगमन खर्च भुक्तानी दिनुपर्नेमा एकै दिनको मितिको २ र ३ पटकको अनुगमन खर्च रु ५३७०।- बढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु</td><td>५३७०.००</td></tr>
<tr><td></td><td><u>ब.उ.शि.नं. ३६५८५२४ तराई मधेश समृद्धी कार्यक्रम</u></td><td></td></tr>
<tr><td>२३.</td><td>२–२०७५।१२।१९ ,रामगोपालपुर नगरपालीका वडा नं ८ मा कृषि बजार सेड निर्माण कार्यक्रम बजार स्तोरन्नती कार्यको उपभोक्ता समिती (अध्यक्ष श्री राजिव कुमार साह) लाई रु .....भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८ बमोजिम बहालकर १० प्रतिशत कट्टा गर्नुपर्नेमा कार्यालयले आदित्य सप्लायर्स बिजलपुराबाट रु ४१४०००।- को गिट्टि , बालुवा र ग्राभेल खरिद गरेकोमा १.५ प्रतिशत रु ६२१०।- अग्रिमकर मात्र कट्टा गरेको छ । नियमानुसार कट्टा गर्नुपर्ने बहालकर घटी कट्टा गरेकोले सम्वन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>३५१९०.००</td></tr>
<tr><td>२४.</td><td>मुल्य अभिबृद्धि कर : आर्थिक विधेयक २०७६ ले मू.अ.कर ऐन २०५२ मा गरेको संशोधित एवं मु.अ.कर नियमावलि, २०५३ को २१ औ संशेधन अनुसार ६ (ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, समान आपुर्तिमा आपुर्तिकर्तालाई बिजक अनुसार थप भुक्तानी हुने मुल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कार्यालय बाट भुक्तानी खर्च लेख्दा कट्टागरी सम्वन्धित आपुर्तिकर्ताको लेखा दर्ता रहेको आन्तिरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्दछ । नगरपालिकाले २०७६ जेठ १५ पछाडि का भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै भुक्तानी दिएको देखियो । ऐनको व्यवस्था अनुसार ५० प्रतिशत मु.अ.कर कट्टी नगरेकोले मु.अ.कर समायोजन प्रमाण पेश गुर्नुपर्ने
<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>प्यान नं. र विजक नं.</th><th>मु.अ.कर</th><th>५० प्रतिशत मु.अ.कर</th></tr>
<tr><td>१</td><td>जनकपुर ट्रेडर्स, जनकपुर</td><td>३०२५५७२४४( विजक नं.२८९)</td><td>१०९५३.१३</td><td>५४७६.५६</td></tr>
<tr><td>२</td><td>युनिभर्सल अल्मुनियम प्रोडकटस, जनकपुर</td><td>६०१४१९१९३ ( विजक न(११०३)</td><td>२८७६.११</td><td>१४३८.०५</td></tr>
<tr><td>३</td><td>एस.यु.फिक्स इट्टा उद्योग</td><td>६०३२३५७२४ ( विजक न २७२)</td><td>५७८४९.४८</td><td>२८९२४.७४</td></tr>
<tr><td>४</td><td>एस.यु.फिक्स इट्टा उद्योग</td><td>६०३२३५७२४ विजक न (२७४)</td><td>४४५३९.५६</td><td>२२२६९.७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११६२१८.२८</td><td>५८१०९.१४</td></tr>
</table>
</td><td>११६२१८.२८</td></tr>
<tr><td></td><td><u>सामाजिक सुरक्षा तर्फः-</u></td><td></td></tr>
<tr><td>२५.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका समाजिक सुरक्षा भत्ता नगद बितरण गर्न नपाइने र प्रत्येक स्थानिय तहले आफनो क्षेत्र भित्रका सवै लक्षित वर्ग तथा समुहको तथ्याङ्क केन्द्रिय विभागको MIS system मा onlineप्रविष्टिगरी अधावधिक गरेको तथ्याँकको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी बितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बैंकिङ्ग प्रणालीको माध्यमबाट समाजिक सुरक्षा बितरण गरेको देखियो । कार्यालयले विभिन्न वडा कार्यालय बाट माग भई आएको सामाजिक सुरक्षा पाउने लक्षित वर्ग तथा समुहमा मूत्यु भएको व्यक्तिहरुको संख्या घटाई मात्र सा.सु. भत्ता निकासा पठाउनुपर्नेमा कार्यालयले निम्न वडाका देहायबमोजिमको व्यक्तिहरुको मूत्यु भइसकेको प्रमाण</td><td>१०४०००.००</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

माग फारममै उल्लेख भएता पनि ती व्यक्तिहरुको समेत निकासा पठाएको छ । यसरी बढी निकासा पठाएको रकम असुलउपर गर्नुपर्ने रु

| नाम र थर | वडा नं. | समुह। वर्ग | ना.प.नं. | खाता नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| संयोगिया देवी | १ | जेष्ठ ना. | ९६९०८९२ | ०२३१४०००७५४ | १६०००।- | दोस्रो र तेस्रो किस्ता |
| रुपन राय | १ | जेष्ठ ना. | ९६९०६५१ | ०२३१४०००६३६ | १६०००।- | " |
| दखिया देवी | १ | जेष्ठ ना. | ९६९०१२१ | ०२३१४०००७६८ | १६०००।- | " |
| मुनिफ खाँ | २ | जेष्ठ ना. | ९६९१४९४ | ०२३१४०००८६६ | १६०००।- | |
| अनरिया देवी | ४ | ऐकल म. | १८.०१.७०.०८८९३ | ०२३१४००१११९ | ८०००।- | " |
| पंचराउत कुर्मी | ६ | जेष्ठ ना. | १८३०४३.९७ | ०२३१४००१४५८ | १६०००।- | " |
| असर्फि मुखिया | ६ | जेष्ठ ना. | १८३०४३.१४ | ०२३१४००१३७२ | १६०००।- | " |
| जम्मा | | | | | १०४०००.०० | |

**सशर्त अनुदान शिक्षा तर्फः**

२६. आर्थिक कार्यविधि नियमावली २०६४, के नियम ८० (१) आनुसार सरकारी कामकाजके निम्ति एक आर्थिक बर्षमा लिएको पेश्की सोही आर्थिक वर्षमा फछ्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के वापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न सामुदायिक सिकाई केन्द्र लाई दिईएको पेश्की आर्थिक वर्ष को अन्त्यसम्म फछ्यौट नगरेको र नियमानुसार फछ्यौट नभएको पेश्की अर्को आर्थिक वर्षमा जिम्मेवारी पनि सारेको देखिएन ।यसरी नियमानुसार फछ्यौट नभई बाँकी रहेको पेश्की सम्वन्धितबाट असुल उपर गर्नु पर्ने रु

| गो.भौ.नं. र मिति | संस्थाको नाम | पेश्की रकम |
|---|---|---|
| १९/०७६।३।२६ | जन कल्यान सामुदायिक सिकाई केन्द्र | १०००००।- |
| १८/०७६।३।२५ | मालती सामुदायिक सिकाई केन्द्र | १०००००।- |
| | जम्मा | २०००००।- |

रकम: २०००००.००

२७. **२२-२०७६।३।२५** ,श्री आधारभुत विधालय थलहीसँग २ कोठे नयाँ कक्षा कोठा निमार्ण गार्न २०७६।२।८ मा लागत अनुमान रु १७२४६८७/९५ मध्ये नगारपालिका बाट रु १६०००००।- व्यहोर्ने सम्झौता भएकोमा रु.१७२४६८७/९५ मा कार्यसम्पन्न भएको प्रतिवेदन पेश भएको छ। उपभेक्ता समिति अध्यक्ष श्री हरिश्चन्द्र ठाकुरलाई कन्टीन्जेन्सी कट्टा गरी रु १५५२०००।०० भुक्तानी गर्दा ज्यामी ज्याला रु.२३०३५०।०० मा १ प्रतिशत सा.सु कर २३०३।५० र निम्न फर्म हरुलाई ढुवानी वापत १० प्रतिशतले रु.४११६०।०० बहाल कर कट्टी गर्नुपर्नेमा रु.५३९०।०० मात्र कट्टा गरेको देखियो । आयकर ऐन २०५८ को दफा ८७ र ८८ अनुसार कर कट्टा नगरी घटी कट्टी गरेकोले कर असुलउपर गर्नुपर्ने रु

| फर्मको नाम | सामान ढुवानी | भुक्तानी रकम | लाग्ने बहालक |
|---|---|---|---|
| आदित्य सप्लायर्स | गिट्टी, बालुवा | १९६०००।- | १९६००।- |
| विजय | माटो | ७२४००।- | ७२४०।- |
| दानी साह | माटो | ७२८००।- | ७२८०।- |
| सहिदा खातुन | माटो | ७०४००।- | ७०४०।- |
| जम्मा | | ४११६००।- | ४११६०।- |
| बहालकर कट्टा गरेका जम्मा | | | ५३९०।- |
| घटी करकट्टी | | | ३५७७०।- |

रकम: ३८०७३.५०

२८. **२४-२०७६।३।२५**, भैरव मन्दिर धार्मिक संरचना निमार्ण उ.स. रामगोपालपुर ६ संग मिति २०७६।२।९ मा लागत अनुमान रु ५२३८४८।८८ मध्ये रु ५०००००। न.पा.बाट व्यहोर्ने गरी भैरव मन्दिर निर्माण गर्न सम्भौता भएकोमा प्राविधिक मुल्यांकन अनुसार रु ४५४५२२।६२ को काम सम्पन्न भई रु ४२२५००।००

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>भुक्तानी भएको छ। प्राविधिक मुल्यॉकन अनुसा र Earth Filling को काम रु ५२९६८।८१ को भएको उल्लेख छ र अन्य PCC र RCC जस्ता काम सम्पन्न भएको छ तर उ.स. ले पेश गरेको बिल भरपाई मा माटो ढुवानी भाडा वापत मात्रै निम्नानुसार रु ३४३६००। भुक्तानी गरेको छ। कार्यालयले MB अनुसारको कार्य सम्पन्न भए बमोजिमको बिल भरपाई जाँच गरी मात्र भुक्तानी दिनुपर्नेमा ढुवानीमा मात्रै रु २९०६३१।१९ वढी भुक्तानी गरेको छ । पेश भएको बिल भरपाई र MB अनुसार सम्पन्न भएको कार्यमा प्रयोग भएको सामाग्रीहरु मेल नखाएकोले उक्त कार्य गुणस्तरयुक्तरुपमा सम्पन्न भए नभएको छानविन गरी प्रमाण पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>मिती</th><th>नाम</th><th>ढुवानी भाडा</th></tr>
<tr><td>२०७६।३।१५</td><td>बिरेन्द्र कुमार यादव</td><td>७८७५०।००</td></tr>
<tr><td>२०७६।३।१५</td><td>बुधन मुखिया</td><td>८२०००।००</td></tr>
<tr><td>२०७६।३।१५</td><td>सुनिल कुमार मण्डल</td><td>८२३५०।००</td></tr>
<tr><td>२०७६।३।१५</td><td>श्याम मुखिया</td><td>६५०००।००</td></tr>
<tr><td>२०७६।३।१५</td><td>बिरेन्द्र कुमार यादव</td><td>३५५००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४३६००।००</td></tr>
</table></td><td>२९०६३१.१९</td></tr>
<tr><td></td><td>गत बिगत अल्या पुजिगत तर्फ :-</td><td></td></tr>
<tr><td>२९.</td><td>आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प. फारम नं.४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नु पर्दछ । यस्ता प्रकृतिका सामान कुनै व्यक्ति वा बिषयगत शाखालाई प्रयोग गर्न दिएमा सहायक जिन्सी खाता तयार गरी सामान क कसको जिम्मा रहेको छ भन्ने रेकर्ड राख्नु पर्दछ । कार्यालयले निम्नानुसारका खप्ने प्रकृतिका जिन्सी सामानहरुको दाखिला जिन्सी खाता नं. ५२ खर्च भएर जाने खातामा अभिलेख गरी खर्च लेखेको देखियो । कार्यालयले यस्ता खप्ने प्रकृतिका जिन्सी सामानहरुको जिन्सी खाता नं. ४७ मा दाखिला गरी सहायक जिन्सी खाता तयार गरी उक्त सामानहरु क-कसको जिम्मामा रहेको खुलाई प्रमाण पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>गो.भौ.नं. र मिती</th><th>सामानको नाम</th><th>थान</th><th>रकम</th></tr>
<tr><td>६-२०७६।२।३०</td><td>Mobile NOkia N106RS</td><td>७०</td><td>१७८५००।००</td></tr>
<tr><td>६-२०७६।२।३०</td><td>Mobile VIVO VI5 pro</td><td>१</td><td>४६४७०।००</td></tr>
<tr><td>६-२०७६।२।३०</td><td>MObile Oppo A35</td><td>१</td><td>१४१५९।००</td></tr>
<tr><td>१०-२०७६।३।१</td><td>43" TV</td><td>२</td><td>१२००००।००</td></tr>
<tr><td>१०-२०७६।३।१</td><td>A/C</td><td>२</td><td>१४८०००।००</td></tr>
<tr><td>१०-२०७६।३।१</td><td>Stoplizer</td><td>२</td><td>३४०००।००</td></tr>
<tr><td>१३-२०७६।३।३</td><td>yamaha Fzs SE 149 cc motorcycle</td><td>१</td><td>२६९४००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८१०५२९।००</td></tr>
</table></td><td>८१०५२९.००</td></tr>
<tr><td>२९.१</td><td>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका,२०६६ ले व्यक्तिगत प्रयोजन हुने मोवाईल सेट खरिद र सोको महशुल खर्च लेख्न नपाउने व्यवस्था गरेको छ। नगरपालिकाले ७२ थान मोबाईल सेट रु २३९१२९।- मा खरिद गरी खर्च लेखेको देखियो । व्यक्तिगत प्रयोजनका सामान खरिद गर्ने कार्यमा नियन्त्रण गरी सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>२३९१२९.००</td></tr>
<tr><td>३०.</td><td>१४-२०७६।३।३ कार्यालयले अनुसन्धान तथा परामर्श सेवा वापत श्री डेभलभपमेन्ट क्याटलिस्ट कन्सलटेन्सी प्रा.लि. काठमाण्डौलाई स्थानीय सरकार सञ्चालनका लागि प्रशासनिक दिग्दर्शन र कृषि तथा पशु व्यवसायमा अनुदान उपलब्ध गराउने कार्यविधि निमार्णका लागि रु ४९७२००।- भुक्तानी गरेको मा दिग्दर्शन तथा कार्यविधि पेश भएको छैन । संझौता अनुसार दिग्दर्शन तथा कार्यबिधि पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु</td><td>४९७२००.००</td></tr>
<tr><td></td><td>झोलुङ्गे पुल कार्यक्रम :</td><td></td></tr>
<tr><td>३१.</td><td>३-०७६।३।३१ बर्तिघाट झोलुङ्गे पुल निर्माण कार्यको लागत अनुमान रु.३३,०९,१५५।४१ मध्ये पहिलो रनिङ बिलबाट रु.१६,२१,९७३।२० र अन्तिम बिल अनुसार रु.६५०,०००।०० भुक्तानी भएको छ । यसरी तेस्रो तथा अन्तिम बिल अनुसार भुक्तानी गरेको रु.६५०,०००।०० मा ज्यामीलाई भुक्तानी रु.२०७,०५०।०० मा सामाजिक सरक्षा कर १ प्रतिशत ले रु.२०७०।५० कट्टा नगरेको र ढुवानी भाडा बापत भुक्तानी</td><td>१४६५३०.९०</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेको विना देवी (ज १ त ५११२) लाई जम्मा रु. १०८६४।३०, रोशन यादव (ना ७ ख ४४०७ लाई रु. ५४७३९।५६ र दिलिप कुमार मण्डललाई रु. ५९०००।०० गरी जम्मा ढुवानी भाडा रु.१२४,६०४।२६ को १० प्रतिशत बहाल कर कट्टी गरेको देखिएन । नियमानुसार लाग्ने कर असुलउपर गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३२.</td><td>कार्यालयले नियमानुसार २०७६ जेठ १५ पछिको ठेक्का VAT बिलको मु.अ.कर मध्ये ५० प्रतिशत कट्टी गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गरेको मु.अ.कर मध्ये ५० प्रतिशत कट्टा गरी भुक्तानी गरेको देखिन्छ । यसरी कार्यालयले ५० प्रतिशत कट्टा गरेको मु.अ.कर सम्बन्धित फर्मको नाममा आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको पाइएन । कट्टी गरेको मु.अ.कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>फर्मको नाम</th><th>प्यान नं.</th><th>बिल नं.</th><th>मू.अ.कर</th></tr>
<tr><td>सुनिल हार्डवेयर</td><td>३०३२३९५७६</td><td>४५१,४५२,४५३</td><td>२०१०७.००</td></tr>
<tr><td>लक्ष्मी हार्डवेयर</td><td>३०४५३५२६४</td><td>३५४</td><td>१०२६०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०३७०.३३</td></tr>
</table></td><td>३०३७०.३३</td></tr>
<tr><td></td><td><u>सशर्त अनुदान स्वास्थ्य तर्फ-</u></td><td></td></tr>
<tr><td>३३.</td><td>६०-०७६।३।३१ कार्यालयका स्वास्थ्य संयोजक दुखरण पण्डितले लिएको पेश्की रु ३००००।०० फर्छ्यौट गर्दा अनुगमन मूल्याकन बापत जम्मा २० जनालाई १५००।- का दरले रु.३००००।०० खर्च लेखेकोमा १७ जनाले मात्र भरपाई अनुसार रकम बुझेकोमा ३ जनाको रु.१५००।- का दरले रु ४५००।०० को १५ प्रतिशत अग्रिम कर रु.६७५।- बाहेक रु.३८२५।०० बढी खर्च लेखेको देखिन्छ । भ्रमण खर्च नियमावली २०६४ अनुसार १५ किलोमिटर भित्र भ्रमण खर्च पाउने व्यवस्था नभएकोले नगर भित्रका कार्यक्रममा पदाधिकारी र कर्मचारीलाई अनुगमन मूल्याङ्कन वापत भुक्तानी भएको असुलउपर गर्नुपर्ने रु</td><td>३००००.००</td></tr>
<tr><td>३४.</td><td>६४-०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । दुखरण पण्डितले लिएको पेश्की रु.६४०००।०० फर्छ्यौट गरेकोमा जम्मा रु.६१४५४।०० को मात्र बिल भरपाई संलग्न रहेको देखियो । बिल भरपाई भन्दा बढी खर्च रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>२५६४.००</td></tr>
<tr><td>३५.</td><td>२०-०७५।१२।१८ कार्यालयले नगरपालिका भित्र प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुको २०७४ श्रावण देखि २०७५ असाढ सम्मको रात्रिकालिन भत्ता, सार्वजनिक तथा जोखिम भत्ता बापत एकमुष्ठ रुपमा एक आर्थिक वर्षको जम्मा रु.६९०,९००।०० मा कर कट्टा रु. १०३,६३५।०० गरी बाकि रु.५८७२६५।०० भुक्तानी गरेको छ । नियमानुसार चालु आ.व भन्दा गत आ.व को खर्च लेख्दा भुक्तानी बाकीको कच्चावारी विवरण म.ले.प. फारम नं. १८ पेश हुनुपर्नेमा कुनै प्रमाण नरहेको र नाइट ड्युटि के कति दिन गरेको हाजिर प्रमाण नभएकोले खर्चको यथार्थता यकिन गर्न सकिएन । गत आ.व. को खर्चको नियमानुसार भुक्तानी बाकीको प्रमाण र अतिरिक्त समय काम गरेको हाजिर प्रमाण सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५८७२६५.००</td></tr>
<tr><td></td><td><u>आन्तरिक कोष पुँजिगत तर्फ :</u></td><td></td></tr>
<tr><td>३६.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा बिल वा बिजकको र उप नियम (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्नुपर्दछ । कार्यालयले भुक्तानी गर्दा उपयुक्त व्यवस्था बमोजिम नगरी रनिङ बिलको मुल्याङ्कन भन्दा बढी भुक्तानी गरेको देखिएकोले कार्यालय प्रमुख र लेखा प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>कार्य विवरण</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३।०७६।३।३०( आन्तरिक पुँजिगत</td><td>वडा नं. ४ मा सार्वजनिक दलान निर्माण</td><td>४९०,५५५।२०</td><td>६००,०००।००</td><td>१,०९,४४४।८०</td></tr>
</table></td><td>१०९४४४.८०</td></tr>
<tr><td>३७.</td><td>२।०७६।३।२६, बर्दिवास जलेश्वर सडक खण्ड देखि पुर्व वडा नं. ४ र ५ को सिमा सम्म माटो ग्रभेल गर्ने कामको लागि वडा नं. ४ र ५ सिमाना सम्म माटो तथा ग्रभेल उपभोक्ता समिति लाई कार्यसम्पन्न बिल अनुसार रु ५६३७९२।६१ को काम सम्पन्न भएकोमा नगरपालिकाबाट रु ५२३,०००।०० भुक्तानी</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>भएको छ । आयकर ऐन २०५८ को दफा ८८ अनुसार अग्रिम कर र बहालकर कट्टा गरी भुक्तानी दिनुपर्नेमा नियमानुसार रु ५४३००।- कर लाग्नेमा रु ७९७०।-मात्र कट्टा गरेको देखियो । निम्न व्यक्तिहरुबाट माटो तथा ग्राभेल ढुवानी गर्दा बहालकर १० प्रतिशतले रु.५४,३००।०० कट्टा गर्नुपर्नेमा कम कट्टा गरेको देखिएकोले असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>ढुवानी गर्ने व्यक्तिको नाम</th><th>गाडी नं र मिति</th><th>जम्मा ढुवानी भाडा</th><th>बहालकर</th></tr>
<tr><td>१.</td><td>मोहन कुमार महतो</td><td>न ७ ख ५६६०/०७६।३।१०</td><td>११२०००।००</td><td>११२००।००</td></tr>
<tr><td>२.</td><td>दशै मण्डल धानुक</td><td>ज १ त ८२३२/०७६।३।१०</td><td>६९०००।००</td><td>६९००।००</td></tr>
<tr><td>३.</td><td>विजय कुमार मण्डल</td><td>३५४९/०७६।३।१०</td><td>६९०००।००</td><td>६९००।००</td></tr>
<tr><td>४.</td><td>राम दिनेश मण्डल</td><td>ज १ त २३४०/०७६।३।१०</td><td>६९०००।००</td><td>६९००।००</td></tr>
<tr><td>५.</td><td>मोहन कुमार महतो</td><td>ना ८ ख ३९१५/०७६।३।१०</td><td>११२०००।००</td><td>११२००।००</td></tr>
<tr><td>६.</td><td>मोहन कुमार महतो</td><td>ना ८ ख ८१३६ /०७६।३।१०</td><td>११२०००।००</td><td>११२००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५४३,०००।००</td><td>५४,३००।००</td></tr>
</table></td><td>४६३२५.३०</td></tr>
<tr><td>३८.</td><td>४२-०७६।३।२५ नगरपालिकाको वडा नं. ४ अन्तर्गत साना सिंचाई सडक निर्माण कार्य गर्न मिति २०७६।३।१७ मा उपभोक्ता समितिको अध्यक्ष मिश्रिलाल मण्डलसंग लागत अनमान रु.५८२,७४३।४९ मा मिति २०७६।३।३० सम्म काम सम्पन्न गर्नुपर्ने गरी संझौता भएकोमा कार्य सम्पन्न मध्ये रु ४६३८१४।१९ भुक्तानी गर्दा गेरुडा कन्सट्रक्सन एण्ड सप्लायर्सलाई J.C.B भाडा प्यान बिल रु.३१५,०००।०० मा १० प्रतिशत बहाल कर रु.३१,५००।०० कट्टा गरेको देखिएन । आयकरऐन २०५८ को दफा ८८ अनुसार कट्टा गर्नुपर्ने बहाल कर असुलउपर गर्नुपर्ने रु</td><td>३१५००.००</td></tr>
<tr><td>३९.</td><td>३-०७६।३।३० वडा नं. ४ मा सार्वजनिक दलान निर्माण गर्न जनजाति सार्वजनिक दलान निर्माण उपभोक्ता समिति अध्यक्ष सुरेन्द्र मण्डलसँग भएको सम्झौता अनुसार लागत अनुमान रु. ६३६१६२।४२को काम सम्पन्न हुनुपर्नेमा प्रविधिक मुल्याङ्न अनुसार रु.५३६१८४।६१ को काम सम्पन्न भएको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.५३६१८४।६१ को काम सम्पन्न भएकोमा बिल भरपाई रु.५००६८१।५० को मात्र संलग्न रहेकोले बिल भरपाई भन्दा बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु</td><td>३५५०२.२५</td></tr>
<tr><td>३९.१</td><td>आयकर ऐन २०५८, अनुसार कट्टा गर्नुपर्ने कर कट्टा गरी मात्र भुक्तानी गर्नुपर्नेमा जनजाति सार्वजनिक दलान निर्माण उ.स. लाई संलग्न बिल भरपाई अनुसार रु.२६१,०००।०० माटो ढुवानी भाडामा १० प्रतिशत बहाल कर रु.२६,१००।०० कट्टा गर्नुपर्नेमा कार्यालयले रु.४०२५।- मात्र कट्टा गरेकोछ । कम कट्टा गरेको बहालकर असुलउपर गर्नुपर्ने रु.</td><td>२२०७५.००</td></tr>
<tr><td>४०.</td><td>गो.भौ.नं. ९-०७६।३।३१कार्यालयले श्री राम जानकी मण्डलले पेश गरेको निवेदन बमोजिम पैनि निर्माण कार्य को बिल भरपाई बेगर रु ९०,०००।०० भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेकोमा कुनै सम्झौता नभएको, बिल भरपाई संलग्न नरहेको, कार्यसम्पन्न मुल्याङ्न फारममा र नापी किताबमा पनि प्राविधिकको हस्ताक्षर नभएको देखिएकोले उक्त कार्य भएको छ भनी बिश्वस्त हुने आधार भएन । यसरी एउटा निवेदनको आधारमा मात्र भुक्तानी भएकोले छानवीन गरी प्राविधिक मूल्याँकन र बिल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु</td><td>९००००.००</td></tr>
<tr><td>४१.</td><td>गो.भौ.नं. १०-०७६।३।३१ जनपथ इलाका प्रहरी कार्यालयको हाता भित्र भान्छा घर सेट निर्माण कार्यको लागि ३ वटा निर्माण सेवा कम्पनीसँग दररेट माग गरी सबभन्दा घटी कबोल अंक रहेको रु.४८३,०४१।०० मा आयुष कन्सट्रक्सन रामगोपालपुर - ५ महोत्तरीसँग ठेक्का सम्झौता गरेको छ । सम्झौता अनुसार आयुष कन्सट्रक्सनले जम्मा रु.४८३०४१।४७ (मु.अ.क सहित) मा कार्य सम्पन्न गरेको प्रतिवेदन पेश गरी बिल नं. २/०७६।३।३१( VAT NO. ६०८९०३१९८) बाट भुक्तानी लिएको छ ।</td><td>२७७८५.५६</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | नियमानुसार २०७६ जेठ १५ पछिको मु.अ.कर भुक्तानीमा ५० प्रतिशत कट्टा गरी सम्बन्धित पार्टीको नाममा राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने र ५० प्रतिशत मात्र पार्टीलाई भुक्तानी गर्नुपर्नेमा ५० प्रतिशत मु.अ.कर रु.२७७८५।५६ कट्टा नगरी पुरै भुक्तानी गरेको देखियो । मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु | |
| ४१.१ | आयुष कन्सट्रक्सनसँग भएको सम्झौता बमोजिम र लागत इस्टिमेटमा पनि ३ प्रतिशत कन्टीन्जेन्सी जोडेर सम्झौता भएकोमा कार्यालयले निर्माण व्यवसायीलाई रु.४८३०४१।४७ भुक्तानी गर्दा ३ प्रतिशत कन्टीन्जेन्सी खर्च रु.१४४९१।२४ कट्टा नगरी पुरै भुक्तानी गरेकोले बढी भुक्तानी सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | १४४९१.४६ |
| ४१.२ | कार्यालयले आयुष कन्सट्रक्सनलाई भान्छा घर सेट निर्माण कार्य सम्पन्न गरे बापत बिल अनुसार भुक्तानी गरेको रु. ४८३०४१।४६ मा ५ प्रतिशत धरौटी राख्नुपर्नेमा धरौटी कट्टा गरेको छैन । यसरी कट्टा गर्नुपर्ने धरौटी कट्टा नगरेकोले सम्बन्धितबाट उक्त रकम असुलउपर गर्नुपर्ने रु | २४१५२.०५ |
| ४२. | **११-०७६।३।३१** हरिकिशोर ठाकुरको घरदेखि ठाकुरको घरसम्म ग्राभेल कार्यको लागि दररेट पेश गरेकोमा ३ वटा निर्माण व्यवसायी मध्ये सबभन्दा घटी कबोल अंक मु.अ.कर सहित रु.२६१,६९३।८७ मा जित एण्ड रिंकु निर्माण सेवा, जनकपुर -८ को ठेक्का स्वीकृत गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२६१८३२।८६ प्राविधिक मूल्यांकन भएकोमा जित एण्ड रिंकु निर्माण सेवाले जम्मा रु.२७१,८३२।८६ को बिल पेश गरेकोमा पुरै भुक्तानी गरेको देखियो । कार्य सम्पन्न मुल्याङ्कन भन्दा रु.१०,०००।०० बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | १००००.०० |
| ४२.१ | कार्यालयले निर्माण व्यवसायीबाट सार्वजनिक निर्माण कार्य गराउदा रनिङ बिल अनुसार भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले जित एण्ड रिंकु निर्माण सेवा जनकपुर -८ लाई अन्तिम बिल बमोजिम रु.२६१,८३२।०० भुक्तानी गर्दा ५ प्रतिशत धरौटी रु.१३,०९१।६० कट्टा गरेको देखिएन । यसरी कट्टा नगरेको धरौटी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गर्नुपर्ने रु | १३०९१.६० |
| ४३. | **२२-०७६।३।३१** आर्थिक कार्यबिधि नियमावलि २०६४, को नियम ३६(३) अनुसार बिल भरपाई बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न वडामा सिलाई कटाइ सम्बन्धि तालिम सन्चालन बापत अपन मिथिला सेवा समाजलाई बिल भरपाई नलिई रु.२५०,०००।०० भुक्तानी गरिएको छ तालिम सन्चालन खचको बिल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु | २५००००.०० |
| ४४. | **ढुवानी कर:** आयकर ऐन २०५८को दफा ८८ र ८९ अनुसार अग्रिम कर र बहालकर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाको विभिन्न स्थानमा सडक मर्मत गर्दा माटो ढुवानी तथा माटो पुर्ने काम बापत विभिन्न उपभोक्ता समितिले ढुवानीकर्तालाई भुक्तानी दिदा प्यान बिल र भरपाईमा १० प्रतिशत बहाल कर रु.७०१६०।०० ढुवानी कर कट्टा नगरी भुक्तानी गरिएको पाईयो ॥ यसरी कर्यालयले निम्न व्यक्ति तथा उपभोक्ता समितिबाट ढुवानी कर कट्टी नगरेको रकम असुलउपर गर्नुपर्ने रु. | ७०१६०.०० |

| गो.भौ.नं. | कामको विवरण र उपभोक्ता समिति | कट्टी गर्नुपर्ने रकम |
|---|---|---|
| ०८।०७६।२।३० | लोहारपट्टी रामगोपालपुर सडक मर्मत तथा वडा भित्रका सडक मर्मत उपभोक्ता समिति ले माटो पुर्ने काम बापत सुरेश यादवलाई ढुवानी भाडा भुक्तानी गरेको रु ३०,६००।०० | ३०६०।- |
| ०३।०७६।३।३१ | राजाराम यादवको खलिहानदेखि रामगोपालपुर सम्सी कृषि सडक निर्माण उपभोक्ता समिति (अध्यक्ष राम बिहारी राय) ले माटो ढुवानी बापत प्रति घ.मि. ४००।- दरले १२४० घ.मि. को रु.४९६,०००।०० भुक्तानी गरेको | ४९,६००।- |
| | माटो खने बापत स्काइभेटर अपरेटर राकेश कुमार यादवलाई भुक्तानी ( ५० घण्टा × ३५००। को दरले ) रु १७५,०००।०० | १७,५००।- |
| | जम्मा | ७०१६०।०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ४५. | **गो.भौ.नं. २३-०७६।३।२४:** कार्यालयले नगरपालिकाकाDPRसम्बन्धि कार्य गरे बापत श्री शिवम् इन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु.४९८,०००।०० भुक्तानी गरेको छ । श्री शिवम् इन्जिनियरिङ्ग कन्सल्टेन्सीले जम्मा १० पानाको एउटा DPR document पेश गरेको देखियो । एउटा नगरपालिकाको | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>गुरुयोजना तयार गर्न निकै समय लाग्ने र पुरै नगरपालिकाको गुरुयोजना १० पानाको document तयार गरेकोले तयार गरेको DPR document यथार्थपरक हो भन्न सकिन्न । यस सम्बन्धमा संभ्फौता अनसार कार्यभए नभएको छानबिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>२४-०७६।३।२९: कार्यालयले नगरपालिकाको विभिन्न ठाँउमा सडक मर्मत गर्नको लागि सडक मर्मत उपभोक्ता समिति(अध्यक्ष विपति शाहसँग) मिति २०७६।२।३० मा ल.ई रु ५३९,२३०।४१ मा सम्भ्फौता गरेको छ । उपभोक्ता समितिबाट सम्पन्न काममा ९५ घण्टा रु.३२००।- का दरले जम्मा रु.३०४,०००।०० को स्काभेटर प्रयोग गरेको छ । नियमानुसार स्काभेटर भाडावापत भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टा गर्नुपर्नेमा नगरेकोले कर असुलउपर गर्नुपर्ने रु</td><td>३०४००.००</td></tr>
<tr><td></td><td><u>वित्तिय समानिकरण चालु खर्च तर्फ</u> :</td><td></td></tr>
<tr><td>४७.</td><td>आयकर ऐन, २०५८ को दफा ८८ मा कुनै गोष्ठी, सेमिनार, तालिम कार्यक्रमको पटके पारिश्रमिक भत्ता रकममा १५ प्रतिशत र भाडा बहालमा १० प्रतिशत कर कट्टी गरी भुक्तानी गुर्नपर्ने व्यवस्था छ । कार्यालयले निम्न कार्यक्रममा प्रशिक्षण पारिश्रमिक , संयोजक भत्ता , प्रतिवेदन पारिश्रमिक , सहयोगी कर्मचारी तथा अनुगमन कर्ताको भत्तामा १५ प्रतिशत र घर बहाल , जेनेरेटर भाडा , टेन्ट भाडामा १० प्रतिशत बहाल कर वापत रु ११३४९१।५० कर कट्टी नगरेको र घटी कर कट्टी गरेको देखियो । अग्रिम करा कट्टी नगर्दा राजश्व प्राप्तिमा कमि भई सरकारी बजेट कार्यक्रम सञ्चालनमा असर गर्न सक्ने भएकोले नियमानुसार कर कट्टी गर्ने व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>लाग्नेकर</th><th>कट्टी कर</th><th>नपुग कर</th></tr>
<tr><td>१०-०७६।३।८</td><td>योग शिविर सञ्चालन खर्च रु २०००००।- मध्ये अचल टेण्ट हाउसलाई मिति २०७६।२।२ देखि २०७६।३।१ सम्मको बिल नं. र मिति अघि पछि भएको बिलको टेण्ट , जेनेरेटर र साउण्ड सिष्टमको भाडा रु १७२५००।</td><td>१७५००.००</td><td>२९१०.००</td><td>१४३४०.००</td></tr>
<tr><td>१४-०७६।३।२९</td><td>व्यवसायिक उन्नत खेती सम्बन्धी जनचेतनामूलक कार्यक्रम (०७६।३।२५-२६) को उन्नत नेपाल फुल्मामा ४ लाई रु २५००००। भुक्तानी मध्ये पारिश्रमिक रु ८२१५०। मा रु १२३२२।५० र खाजा खाना रु ८२५०० । मा १.५ प्रतिशत कर रु १२३७५० लाग्ने</td><td>१३५६०.००</td><td>६३३८.००</td><td>९९२२.००</td></tr>
<tr><td>१७-०७६।३।३१</td><td>जेष्ठ नागरिक धुमी स्वास्थ्य उपचार स्वास्थ्य सेवा २०७६।३।२९-३।३० को नेपाल विकास परियोजनालाई रु २०००००।- भुक्तानी मध्ये पारिश्रमिक रु ६६०००। , प्रतिवेदन रु ५००० । र नगर प्रमुख लगायत ५ जना लाई रु १५०००। समेत रु ८६०००। मा कर लाग्ने</td><td>१२९००.००</td><td>१२१५०.००</td><td>७५०.००</td></tr>
<tr><td>१८-०७६।३।३१</td><td>वैदेशिक रोजगारमा जानेहरुका लागि जनचेतनामूलक कार्यक्रम २०७६।३।२६ को सोसल मिडिया युथ सेन्टर रामगोपालपुर -४ लाई रु १५००००। भुक्तानी मध्ये प्रशिक्षक , सहजकर्ता र सहयोगी पारिश्रमिक रु ५३०००। र गाडी भाडा र १००००। मा कर कट्टी नगरेको</td><td>८९५०.००</td><td>०</td><td>८९५०.००</td></tr>
<tr><td>१९-०७६।३।३१</td><td>स्वास्थय सम्बन्धी जनचेतना कार्यक्रम , रामगोपालपुर ५ ( ०७६।३।२८ र २९ ) को जिल्ला ग्रामिण बिकास परियोजना जलेश्वरलाई रु २५००००। भुक्तानी मध्ये प्रशिक्षक , संयोजक , सहयोगी प्रतिवेदन पारिश्रमिक रु २५०००। र हलभाडा रु २०००।- मा कर कट्टी नगरेको</td><td>२९५०.००</td><td>०</td><td>२९५०.००</td></tr>
<tr><td>२२-०७६।३।३१</td><td>पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन वापत रु २८९८९०। भुक्तानी प्यान बिलमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने</td><td>४३४८३.५०</td><td>४३४९.००</td><td>३९१३४.५०</td></tr>
<tr><td>२५-०७६।३।३१</td><td>महिला सशक्तिकरण जनचेतना कार्यक्रम वडा नं. ४ र ५ को खर्च रु २५००००। वापत</td><td>९०६०.००</td><td>०</td><td>९०६०.००</td></tr>
</table></td><td>११३४९१.५०</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | महिला सचेतना समूह (रेखा झा ) लाई भुक्तानी गर्दा पारिश्रमिक रु ५७४००। मा रु ८६१०। र हलभाडा रु ४५००।मा रु ४५०। कर समेत | | | |
| २७-०७६।३।३१ | कम्पयुटर तालिम वापत १५ जना कर्मचारी लाई (०७६।२।१५–०७६।२।२९) क.अ. दिलिप कुमार साहलाई रु २५००००। भुक्तानी गर्दा प्रशिक्षण वापत क.अ. दिलिप कुमार साह रु २२५००। र देवेन्द्र सिहं रु २२५००। का.स. जतन मंडल रु ३०००। समेतमा कर कट्टी नगरेको | ४९५०.०० | ० | ४९५०.०० |
| २८-०७६।३।३१ | लैङ्गिक हिंसा बिरुद्ध जनचतेना कार्यक्रम ( २०७६।३।२४- ३।३१ ) वापत श्रृजना राष्ट्यि बिकास केन्द्र जनकपुरलाई रु २५००००। भुक्तानी मध्ये सहभागी, प्रशिक्षक, सहयोगी पारिश्रमिक भत्ता रु ९६६००। मा कर कट्टी रु १४४००। दाखिला नगरेको | १४४००.०० | ० | १४४००.०० |
| २९-०७६।३।३१ | बालश्रम बिरुद्ध जनचेतना कार्यक्रम वापत राष्ट्यि युवा गैर सरकारी संस्था महासंघ नेपाल जलेश्वरलाई रु १५००००। भुक्तानी मध्ये प्रशिक्षक , संयोजक ,सहभागी पारिश्रमिक र पदाधिकारी ५ जनाको भत्ता रु ५००० । समेत रु ३१५००। मा कर नपुग | ४७२५.०० | ३८२५.०० | ९००.०० |
| ३५-०७६।३।३१ | एच.आई.भि. संक्रमित तथा लागु पदार्थ प्रयोगकर्ता पुनस्थापना तथा क्षमता बिकास कार्यक्रम (०७६।३।२९ र३०) वापत दलित महिला समाज बिकास रामगोपालपुर -७ लाई रु २५००००। भुक्तानी मध्ये प्रशिक्षण, सहयोगी , संयोजक भत्ता रु ३९५००। कर घटी कट्टी गरेको | ५९२५.०० | ३७५०.०० | २१३५.०० |
| ३६-०७६।३।३१ | रामगोपालपुर न.पा. वडा नं. २ मा सरसफाई कार्यक्रम (२०७६।३।२७ – ३।२९ ) वापत मनकमना यूथ क्लवलाई रु २०२५०००। भुक्तानी मध्ये श्रोत व्यक्ति भत्ता रु २४०००। , स्टेशनरी खरिद रु ९००००। भाडा बहाल रु ४८०००। । खाजा खर्च रु ४०५००। समेतमा घटी कर कट्टी | ९७५०.०० | ३७५०.०० | ६०००.०० |
| जम्मा | | १४८१५३.५ | ३७०७२ | ११३४९१.५ |

४८. **बर्षान्तमा भएको कार्य -** बार्षिक बजेट तथा कायक्रम अनुसाार सरकारी रकम खर्च गर्दा निर्धारीत समयमा गुणस्तरयुक्त र उपलब्धि प्राप्त गर्न सक्ने गरी कर्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयले अधिकाँश कार्यक्रम आषाढ महिनामा सन्चालन गरेको छ भने कार्यालयको कर्मचारीबाट निर्धारित समयमै गर्न सक्ने निम्नानुसार १३ वटा महिला हिंसा सशक्तिकरण, कृषि तथा पशु सम्बन्धी, स्वास्थ सम्बन्धी, खानेपानी तथा सरसफाई सम्बन्धी, लागु औषध सम्बन्धी र सीपमुलक तालिमहरु गैर सरकारी संस्थाहरुसँग २०७६।३।२३ मा सम्झौता गरी २०७६।३।२३ देखि २०७६।३।३१ सम्म ९ दिन भित्र सञ्चालन गरी रु ४५,८०,५००।०० खर्च गरेको देखियो । निर्धारित समयमै कार्यसम्पादन हुनेगरी कर्मचारीबाट गर्नुपर्ने कार्यक्रम हतार-हतारमा वर्षान्तमा गैर सरकारी संस्थाबाट गर्दा गुणस्तरयुक्त रुपमा कार्य गर्न नसकिने, कामको अनुगमन मुल्याङ्कन हुन नसक्ने भई अपेक्षित उद्देश्य तथा उपलब्धि प्राप्त गर्न कठिनाई हुने भएकोले निर्धारीत समयमानै कर्मचारीहरुबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने र कर्मचारीबाट हुन नसकेमा कारण स्पष्ट गरेर मात्र गैरसरकारी संस्थाबाट प्रतिस्पर्धा गराई पारदर्शिरुपमा नर्म्स तथा नियमको पालना गरी गराई खर्च गर्नु पर्दछ ।

| गो.भौ.नं. | कार्यक्रम विवरण | खर्च रकम |
|---|---|---|

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | रकम |
|---|---|---|---|---|
| | १४-०७६।३।२९ | व्यवसायिक उन्नत खेती सम्बन्धी जनचेतनामुलक कार्यक्रम २०७६।३।२५देखि २६ सम्म वडा नं. ४ मा उन्नत नेपाल फुल्गामा–४ धनुषाबाट गराएको सहभागि ५० जना | २५००००.०० | |
| | १७-२०७६।३।३१ | जेष्ठ नागरिक घुम्ती स्वास्थ्य उपचार सेवा ०७६।३।२९ र ३० गते २ दिन नेपाल विकास परियोजना जलेश्वर -१ बाट गराएको सहभागि ५० जना | २०००००.०० | |
| | १९-२०७६।३।३१ | स्वास्थय सम्बन्धी जनचेतना कार्यक्रम २०७६।३।२८ गते वडा नं. ५ मा जिल्ला ग्रामिण विकास परियोजना , जलेश्वरबाट गराएको | २५००००.०० | |
| | २५-२०७६।३।३१ | महिला सशक्तिकरण जनचेतना कार्यक्रम वडा नं. ४ र ५ मा महिला सचेतना समूहमा (रेखा) झा माफत गराएको (२०७६।३।२३–३१ भित्र ) | २५००००.०० | |
| | २९-२०७६।३।३१ | बालश्रम बिरुध्द जनचेतना कार्यक्रम २०७६।३।२३–३१ भित्र राष्ट्रिय युवा गैर सरकारी संस्था महासंघ नेपाल, जलेश्वरबाट गराएको | १५००००.०० | |
| | ३०-२०७६।३।३१ | महिलाहरुको प्रजनन स्वास्थय तथा पाठेघर खस्ने र रोकथाम सम्वन्धी जनचेतनामूलक कार्यक्रम (२०७६।३।२३–३१) भित्र दलित उत्थान केन्द्रीय समाज कल्याण पिपरा–७बाट गराएको | २५००००.०० | |
| | ३१-२०७६।३।३१ | अपाङ्गता भएको व्यक्तिहरुलाई अगरबत्ती बनाउने तालिम २०७६।३।२३-२९ सम्म ७ दिन बिश्वकर्मा अपाङ्ग संघ रामगोपालपुर ६ बाट गराएको | २५००००.०० | |
| | ३२-२०७६।३।३१ | महिला मातृत्व स्याहार पोषण सम्बन्धी जनचेतना कार्यक्रम २०७६।३।२६-३० सम्म ५ दिन आशा महिला दलित जनजाती उत्थान केन्द्र मनरासिस्वा न.पा. ३ बाट गराएको | २५००००.०० | |
| | ३५-२०७६।३।३१ | एच.आई.भि। संक्रमित तथा लागू पदार्थ प्रयोगकर्ता पुनः स्थापना तथा क्षमता बिकास कार्यक्रम( २०७६।३।२९ र ३० गते वडा नं.७)बाट गराएको | २५००००.०० | |
| | ३६-२०७६।३।३१ | वडा नं. २ मा सरसफाई कार्यक्रम २०७६।३।२७-२९ गते सम्म मनकामना युवा क्लव , रामगोपालपुर २ बाट गराएको | २०२५००.०० | |
| | ३९-२०७६।३।३१ | फोहरमैला व्यवस्थापन सम्वन्धी जनचेतना कार्यक्रम २०७६।३।२३-३।३१ जनजागरण नेपाल रामगोपालपुर ७ बाट गराएको | २५००००.०० | |
| | ४४-२०७६।३।३१ | लागू औषधी सम्वन्धी कार्यक्रम २०७६।३।२३-३।३१ महोतरी ग्रमिण उत्थान केन्द्र जलेश्वरबाट गराएको | १५००००.०० | |
| | १८-२०७६।३।३१ | बैदेशिक रोजगारमा जानेहरुका लागि जनचेतनामूलक कार्यक्रम २०७६।३।२६ गते सोसल मिडिया युथ सेन्टर रामगोपालपुर –५ बाट गराएको | १५००००.०० | |
| | २६-२०७६।३।२५ | समाज विकास संस्था पिपरा गा.पा. ७ बाट ८ वटा वडा मा ०७६।३।२० देखि ३।२५ सम्म महिला हिंसा सम्वन्धी नाटक बापत | २०००००.०० | |
| | ३७-२०७६।३।२६ | मिथिला मञ्च जनकपुरबाट दहेज प्रथा बिरुद्ध सडक नाटक ( २०७६।३।२३ देखि ३।२५ ) बापत | १५००००.०० | |
| | १४७-२०७६।३।३१ | परिवर्तनका सहयोगी हातहरु, रामगोपालपुर २ लाई महिला सशक्तिकरण सम्वन्धी जनचेतनामूलक कार्यक्रम बापत ( संभौता ०७६।३।२२ तर कार्यक्रम ०७६।३।२० देखि ०७६।३।२२ सम्म गरेको ) | ३९९०००.०० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | रकम |
|---|---|---|---|---|
| | १४९-२०७६।३।३१ | उन्नत नेपाललाई दाईजो प्रथा बिरुद्ध जनचेतनामूलक तालिम ( ०७६।३।२५ देखि ०७६।३।२७) वापत | २९१०००.०० | |
| | १५०-२०७६।३।३१ | जनमूखी स्वास्थ्य बिकास सहकारी संस्थालाई स्वास्थय शिविर सञ्चालन | ३०००००.०० | |
| | १५२-२०७६।३।३१ | समाज सबकास संस्था पिपरा गा.पा. बनौलीलाई खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम( ०७६।३।२७ देखि ३।३० सम्म) | ३८८०००.०० | |
| | | जम्मा | ४५८०५००.०० | |
| ४९. | **४८-२०७६।३।३१** दोश्रो मेयरकप रनिङ्ग शिल्डि प्रतियोगिता सञ्चालन गर्न श्रोत व्यक्ति देवनारायण सिहंले रु ५०००००। पेश्की लिएकोमा सो पेश्की फछ्यौट गर्न रु ५२८११६। को बिल भरपाई पेश गरेको छ । उक्त खर्च मध्ये खाना खाजामा अत्यधिक मात्रामा रु १९८९००। खर्च गरको र लागत अनुमानमा नभएको अंग्रेजी, गणित, बिज्ञान , स्वास्थ्य र नेपाली बिषयको १२० वटा चार्टहरु रु ३६०००। मा खरिद गरेको भनी खेलकुदसंग असम्वन्धीत बिल पेश गरेको देखियो । लागत अनुमानमा नभएको खेलकुद कार्यक्रमसंग असम्बन्धित बिलको खर्च दिन नमिल्ने हुँदा असुलउपर गर्नपर्ने रु | | | ३६०००.०० |
| ४९.१ | आयकर ऐन , २०५८ मा पुरस्कार रकम भुक्तानी गर्दा २५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कर छुट सुविधा प्राप्त नगरेको अवस्थामा भुक्तानी गरेको प्रथम, द्धित्तीय पुरस्कार रु ४५०००। मा २५ प्रतिशत कर कट्टी नगरेको असुलउपर गर्नुपर्ने रु | | | ११२५०.०० |
| ५०. | **४०-२०७६।३।३१** बिज्ञापन खर्च भनी रु ५००००। खर्च लेखेकोमा के कस्तो विज्ञापन वापतको खर्च भएको सो को पुष्टयाई गर्ने आधार प्रमाण पेश नभएको रु | | | ५००००.०० |
| ५१. | **२३-२०७६।३।३१** भ्रमण खर्च नियमावली २०६४ को नियम १८ मा भ्रमण काजमा खटिने पदाधिकारी वा कर्मचारीले नियमानुसार पाउने दैनिक भत्ता र भ्रमण खर्चको बिल भरपाई र भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य संयोजक रामचन्द्र यादवलाई २०७६।१।३ -१।५ सम्म जलेश्वर भ्रमण गर्दा रु ५०००। र २०७५।१२।१७ देखि१२।२२ सम्म काठमाण्डौ भ्रमण गर्दा को रु १५०००। समेत रु २००००। भ्रमण खर्च भुक्तानी गरेकोमा निजले जलेश्वरको आतेजाते भाडा रु २००। पाउनेमा रु २०००। र काठमाण्डौमा जीप प्रयोग भनी रु २०००। लिएकोले रु १०००। टयाक्सी भाडा पाउने भएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | | | २८००.०० |
| ५२. | **१८-२०७६।३।३१** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६ मा खर्चको बिल भरपाई रीतपूर्वक रहे नरहेको जाँच गर्नुपर्ने व्यवस्था छ । सोसल मिडिया युथ सेन्टर रामगोपालपुर -५ लाई बैदेशिक रोजगारमा जानेहरुका लागि जनचेतना मूलक कार्यक्रम वापत रु १५००००। भुक्तानी गरेकोमा नगर उपप्रमुख सीतादेवी साहले रु १५००। र प्रशिक्षक रञ्जन कुमार यादवले रु ६०००। बुझेको भरपाई पेश भएको छैन । बिल भरपाई भन्दा बढी खर्च असुलउपर गर्नुपर्ने रु | | | ७५००.०० |
| ५३. | **९-२०७५।१२।१९** वडा नं. ३ मा सरसफाई कार्यक्रम सञ्चालन गरी रु ५०० । दरका ११४ वटा रिङ १८ वटा रिङ का ढकनी समेत रु १०००००। खर्च गरी शौचालयका सामग्री बितरण गरेको भनी वडाध्यक्षले सिफारिश गरेको आधारमा वडा सचिव राज कुमार मण्डललाई भुक्तानी गरेको देखियो। शौचालय सामाग्री बित्तरण पश्चात शौचालय निर्माण भएको खुल्ने प्राविधिकवाट जाँच गराई प्रतिवेदन पेश गर्नुपर्नेमा सामाग्री बुझेको भरपाईको आधारमा खर्च लेखेको छ भने खर्चको बिल भरपाई अनुसार सम्बन्धित पाटीलाई भुक्तानी गर्नुपर्नेमा वडा सचिवलाई भुक्तानी गरेको नियमसंम्मत देखिएन। शौचालय सामाग्री प्रयोग गरी शौचालय निर्माण गरे नगरेको प्राविधिकवाट जाँच गराई प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने रु | | | १०००००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>५४.</td><td>
निजी श्रोतको शिक्षक पारिश्रमिक :आधारभुत तथा माध्यमिक विद्यालयको शिक्षक कर्मचारीको पारिश्रमिक, छात्रवृत्ति, पाठ्यपुस्तक, मसलन्द, विद्यालय सुधार योजना लगायतको चालु खर्च र भौतिक पुर्वाधार निर्माण सुधारको लागि सशर्त अनुदान शिक्षा कार्यक्रमबाट खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले अस्थायी अनुमति प्राप्त गरेका विद्यालय र क्याम्पसको शिक्षक कर्मचारीको पारिश्रमिक, सञ्चालन खर्च र भौतिक पुर्वाधार लगायतको खर्च सामाजिक विकास कार्यक्रममा समावेश गरी समानिकरण अनुदानबाट रु.३१,४८,०००।०० निकासा दिई खर्च लेखेको देखियो । स्थायी अनुमति र दरबन्दी प्राप्त नगर्दासम्म विद्यालयको कक्षा अपग्रेड र उच्च मा.वि.तथा क्याम्पस सञ्चालनको लागि सम्बन्धित संस्थालेनै आन्तरिक श्रोतको व्यवस्थापन गर्नुपर्ने र नपुग भएको अवस्थामा नगरपालिकाको आन्तरिक श्रोतको आम्दानीबाट निकासा दिन सकिनेमा वित्तीय समानीकरण केन्द्रीय अनुदानबाट निकासा दिई खर्च लेखेको असुलउपर गनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>निकासा खर्च</th></tr>
<tr><td>१३-०७६।३।२६</td><td>रामगोपालपुर बहुमुखी क्याम्पसलाई गत आ.व २०७५।७५ को पारिश्रमिक बापत रु.६५०,०००।०० र कम्प्युटर प्रिन्टर रु.८२०३८।०० डेस्क बेन्च ८ सेट रु ६८९४३।०० समेतको बिल भरपाई (दाखिला प्रतिवेदन नभएको) अनुसार ०७५।११।७ मा दिएको पेश्की निकासा</td><td>८०००००.००</td></tr>
<tr><td>८-०७६।२।२७</td><td>महेन्द्र मा.वि. रामगोपालपुरलाई पि.सि.एफ स्यालरी ननस्यालरीबाट नियुक्त शिक्षकको पारिश्रमिक बापत प्रोत्साहन अनुदान</td><td>५०००००.००</td></tr>
<tr><td>८-०७६।२।२७</td><td>रामजानकी प्रा.वि. रामगोपालपुरलाई १ शिक्षक मात्र भएको भनी शिक्षक पारिश्रमिक बापत प्रोत्साहन अनुदान</td><td>३४८०००.००</td></tr>
<tr><td>८-०७६।२।२७</td><td>रा.नि. मा.वि हरिहरपुर विर्ता मा.वि. सञ्चालन तर नि.मा. शिक्षक पनि पुरा नभएको भनि प्रोत्साहन अनुदान</td><td>६०००००.००</td></tr>
<tr><td>८-०७६।२।२७</td><td>दोरिक जनता मा.वि. गोठ बनौलि नि.मा. शिक्षक नभएको भनी पि.सि.एफ शिक्षकको पारिश्रमिक बापत प्रोत्साहन अनुदान</td><td>३०००००.००</td></tr>
<tr><td>११-०७६।३।१३</td><td>नेपाल राष्ट्रिय आधारभुत विद्यालय (१-८) रामगोपालपुर -६ लाई डेस्क बेन्च फर्निचर निर्माण बापत</td><td>४०००००.००</td></tr>
<tr><td>११-०७६।३।१३</td><td>जनता आधारभुत विद्यालय दोलाठीलाई शिक्षक पारिश्रमिक बापत भनी ०७५।२।२५ मा शिवशंकर यादव लगायतको पारिश्रमिक बापत</td><td>२०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३१४८०००।००</td></tr>
</table>
</td><td>३१४८०००.००</td></tr>
<tr><td>५४.१</td><td>११-०७६।३।३१, बजेट तथा कार्यक्रम अनुसार आर्थिक वर्ष भित्र तोकिएको कार्य गरी खर्च गर्नुपर्दछ । राजेन्द्र प्रा.वि. विशम्भरपुर, रामगोपालपुर -६ लाई शिक्षक नियुक्त गर्न निकासा दिएको तर ले.प. अवधिसम्म नियुक्ति नभएको विज्ञापन मात्र भएको जानकारी प्राप्त भएकोले असुलउपर गर्नुपर्ने रु.</td><td>२५००००.००</td></tr>
<tr><td>५५.</td><td>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कुनै मालसामान खरिद गरी वा नगरी कुनै तरिकाबाट प्राप्त भएपछि स्पेसिफिकेसन समेत खुलाई ७ दिन भित्र आम्दानी बाध्नुपर्दछ । पालिकाले निम्नानुसारका सफ्टवेयर तथा गुरुयोजना तयारी बापत अत्यधिक मात्रामा अर्थात रु २० लाख दरको हाराहारीमा संझौता गरी भुक्तानी गरेकोमा रु.६१८०८८४।०० स्टोर दाखिला गरेको देखिएन । निर्माण गरिएका सफ्टवेयर गुरुयोजना स्टोर दाखिला गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.</th><th>कामको बिवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>४-०७६।२।१९</td><td>रामगोपालपुर न.पा.को घरधुरी सर्भेक्षण गरी MIS System तयार गरेको एड्भान्स रिसर्च ट्रेनिङ एण्ड कन्सल्टेन्सी प्रा.लि. बानेश्वरलाई भुक्तानी रु</td><td>१९६०,५५०।००</td></tr>
<tr><td>५-०७६।२।१९</td><td>रामगोपालपुर न.पा.को एकीकृत नगर विकास गुरुयोजना निर्माण बापत कियटिभ मल्टि सेक्टर रिसर्च, ट्रेनिङ्ग एण्ड</td><td>१९६६,२००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | कन्सल्टेन्सी प्रा.लि. मध्य बानेश्वरलाई भुक्तानी रु | |
| २४-०७६।३।३१ | राजस्व सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्य योजना तर्जुमा बापत रिसर्च एण्ड डेभलपमेन्ट एसोसियसन नेपाल, सामाखुसी काठमान्डौलाई भुक्तानी रु. | ४९४,७१४।०० |
| ३१५-०७६।३।२९ | Municipal Transport master plan तयार बापत क्रियेटिभ मल्टिसेक्टर रिसर्च ट्रेनिङ एण्ड कन्सलटेन्सी प्रा.लि. बानेश्वर काठमाडौं लाई भुक्तानी | ९८४२३०.०० |
| ३१४-०७६।३।२६ | रामगोपालपुर नगरपालिकाको दैवी प्रकोप नियन्त्रण गुरु योजनाको DPR तयार | ९७५१९०.०० |
| | जम्मा | ६१८०८८४.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ५६. | **२४-०७६।३।३१:** राजस्व सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्य योजना तर्जुमा बापत गत वर्ष २०७५।२।०६ मा ६० दिनसम्म म्याद दिई संझौता गरेकोमा ०७४।२।२९ को गोष्ठी मा २० जना सहभागीको विवरण र कार्यसम्पन्न प्रतिवेदनमा ०७५।०३ मा सम्पन्न भएको उल्लेख छ । रिसर्च एण्ड डेभलपमेन्ट एसोसियसन नेपाल, सामाखुसिले पेश गरेको साथै कर बिजक नं. २-०७५।१०।१० र भुक्तानी ०७६।३।३१ मा भएको कारण स्पष्ट नगरी रु. ४९४,७१४।०० भुक्तानी गरेको देखियो । उक्त मितिहरु फरक परेको आधार कारण स्पष्ट गरी मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु | ५६९१४.०० |
| | **<u>बित्तीय समानिकरण पूजिगत तर्फ :</u>** | |
| ५७. | **कर घटी कट्टी:** आयकर ऐन, २०५८ को दफा ८७ , ८८ र८९ मा रोजगारी बापतको पारिश्रमिक ज्याला रु. ४००,०००।०० सम्ममा १ प्रतिशत सामाजिक सुरक्षा कर, मालसामान खरिदको मू.अ.कर बिजकको भुक्तानीमा १.५ प्रतिशत र गिटी, ढुङ्गा, बालुवा, माटोको ढुवानीमा प्यान बिल, भरपाई र डोजर एक्साभेटरको भाडामा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । पालिकाबाट निर्माण कार्य गराई ज्याला,ढुवानी भाडा, डोजर एक्जाभेटरको भाडा र मालसामान खरिद गर्दा उल्लेखित व्यवस्था अनुसार रु ३०४६५१९.७१ कर लाग्नेमा रु७९१६००.८८ मात्र कर कट्टी गरेको देखियो । नियमानुसार अग्रिम कर कट्टी नगरी घटी कर कट्टी गर्दा राजश्व प्राप्तिमा कमि हुन गई सरकारी बजेट तथा कार्यक्रम सञ्चालनमा असर पर्न सक्ने हुँदा कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु. | २२३५०४३.७४ |

| गो.भौ.नं. | विवरण | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|
| ३-०७६।२।२८ | वडा नं. २ मदर्सा देखि ब्रम्हस्थानसम्म सडक मर्मत कार्यको उ.स. अध्यक्ष मुसाहिद रफा खाँलाई कन्टिन्जेन्सी कट्टी गरी रु.४८५,०००।०० भुक्तानी गरेकामध्ये १४२ घ.मी. गाभेल रु.२५५,६००।०० र २२५ घ.मी.माटो रु.१३५,०००।०० समेत रु ३९०,६००।०० भडामा रु.३९०६०।०० बहाल कर र ज्यामी खर्च रु.१४६,२५०।०० मा रु.१४६२।५० सा.सु कर समेत | ४०५२२.०० | १७०४०.०० | २३४८२.०० |
| ४-०७६।३।३ | नाजिम खाँको घर देखि मेनरोडसम्म ग्राभेलिङ कार्यको उ.स. अध्यक्ष सफिरुल खाँलाई कन्टिन्जेन्सी कट्टी गरी रु.२९१,०००।०० भुक्तानी गरेकोमा साईराम कन्स्ट्रक्सन सानेपा ललितपुरको | ३०९७६.०० | ४३६५.०० | २६६११.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | | ग्राभेल ढुवानी भाडा रु.३०९,७६०।०० मा कर घटी कट्टी | | | | |
| | ६-०७६।३।५ | रामजी साहको घर देखि उत्तर जाने सडक रामजानकी कुटीसम्म पि.सी.सी. ढलानको उ.स. अध्यक्ष रामबिनय यादवलाई कन्टिन्जेन्सी कट्टी गरी रु.१९,४०,०००।०० भुक्तानी गरेकोमा माटो, गिटी, ग्राभेल र बालुवा(प्यान बिल) ढुवानी भाडा रु ७९२,५००।०० मा बहाल कर रु ७९२५०।०० मिक्सचर मेशिन भाडा रु २५००००।०० मा बहाल कर रु २५०००।०० र ज्यामी ज्याला मा १ प्रतिशत रु ७६४।- र सिमेन्ट रु.८२०,३७९।०० मा १.५ प्रतिशत रु. १०८९०।०० समेत | ११५९०४.०० | २९१००.०० | ८६८०४.०० | |
| | ७-०७६।३।५ | राम मनिज खत्वेको घर देखि बेचुको पसल हुदै बैरगिया जाने बाटोसम्म पि.सी.सी. ढलानको उपभोक्ता समिति अध्यक्ष जुबैरशेषलाई कन्टिन्जेन्सी कट्टी गरी रु.२४,२५,०००।०० भुक्तानी गर्दा बालुवा, गिटी, ग्राभेल र माटो ढुवानी भ्याट बिल रु.१०,८६,५६२।५० मा १.५ प्रतिशत र प्यान बिल डोजर भाडा समेत रु.५१३,०००।०० मा १० प्रतिशत समेत रु. ६५,७२३।४० बहाल कर, अग्रिम कर रु.५३५२।६५ सा.सु.कर रु.६३००।०० समेत | ७७३७६.०० | ३९६७५.०० | ३७७०१.०० | |
| | ११-०७६।३।११ | रामपुनितको घर देखि मिल हुदै बलवा स्थान सम्म ग्राभेलिङ कार्यको उ.स.अध्यक्ष शम्भु कुमार यादवलाइ रु.१,९४,०००।०० भुक्तानी गर्दा माटो, ग्राभेल र बालुवा रु.२१६,८३२।०० को ( कार्यसम्पन्न अंक रु.२२८७०६।२९) ढुवानी भाडा कर | २१६८३.०० | ४८५०.०० | १६८३३.०० | |
| | १५-०७६।३।१५ | टेगंर ब्रम्हस्थान देखि एकलव्य प्रा.वि. सम्म सडकमा पि.सी.सी. ढलान कार्यको उ.स.अध्यक्ष श्याम प्रसाद यादवलाई रु.१५५२०००।०० भुक्तानी गर्दा ग्राभेल,बालुवा, गिटीको प्यान बिल र भरपाई रु.१०५६४५५।०० मा १०% ले रु.१०५६४५।५० र सिमेन्ट खरिद ६३९,०१९।०० मा १.५% अग्रिम कर रु.८४८२।५५ हुनेमा बहाल कर २१०६०।०० र अग्रिम कर २२९६५।०० कट्टी गरेको | ११४१२८.०० | ४४०२४.०० | ७०१०३.०० | |
| | १५- | जलेश्वर बर्दिबास सडकको बालकृपाल मण्डलको घर हुदै बिजय मण्डलको घर | ६०८७०.०० | ३०५४०.०० | ३०३३०.०० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | ०७६।३।१५ | सम्म पि.सि.सी. ढलान कार्यको उ.स. अध्यक्ष रामपुकार मण्डललाई रु १८९१५००। भुक्तानी गर्दा टयाक्टर भाडा रु ८८०००। र जयमा पञ्चधुरा माई गिटी बालुवा वासिङ सेन्टर भंगहाको प्यान बिल १८ को रु ३१८०००। मा रु ३१८००। समेत रु ४०६०० । , मालसमान खरिद रु १०५३८०१। को अग्रिम कर रु १३९८८। र सा.सु.कर रु ६२८१। समेत | | | | |
| | २०-०७६।३।२० | हरिनमरी रैन देखि सहसौल बजारसम्म सडकमा ग्राभेलिङ कार्यको उ.स. अध्यक्ष राकेश कुमार यादव लाइ रु १५५२०००। भुक्तानी गर्दा गिटी , बालुवा , ग्राभेलको प्यान बिल रु ३१३८९५। र डोजर एक्साभेटरको भाडा रु १२१३६५० । समेत रु १५२७५४५।मा बहाल कर घटी कट्टी गरेको | १५२७५४.०० | ३८८५७.०० | ११३८९७.०० | |
| | २१-०७६।३।२० | भैरव स्थान देखि दक्षिण कृपाल कुर्मीको बोरिङ पश्चिम पैनी सम्म ग्राभेलिङ कार्यको उ.स. ( अध्यक्ष रामस्नेही महत्तो ) लाई रु ३७८१२३।२६ को प्राविधिक मूल्याङ्कन भएको कार्यको रु ३२९८०० । भुत्तानी गर्दा डोजर भाडा रु ३५२०००। को १० प्रतिशत बहालकर घटी कट्टी गरेको | ३५२००.०० | ५०९३.०० | ३०१०७.०० | |
| | २१-०७६।३।२० | रामकृपाल महत्तो खेत देखि धुरुप महराको खेत सम्म नहर सफाई कार्यको रु १०८७४८।८३ प्राविधिक मूल्याङ्कन भएको कार्यको उ.स. ( अध्यक्ष बिपिन मण्डल ) लाई रु ९७०००। भुक्तानी गर्दा एक्साभेटरको भाडा रु ९७००० । मा १० प्रतिशत कर घटी कट्टी | ६७००.०० | १५००.०० | ८२००.०० | |
| | २८-०७६।३।२६ | ने.रा. आधारभूत बिधालय लक्ष्मीपुरको प्राङगणमा पि.सी.सी. ढलान कार्यको रु ९७००००। उपभोक्ता समितिलाई भुक्तानी गर्दा गिटी, बालुवा , ग्राभेल र जे.सी.वि. भाडा प्यान विल र भरपाईमा रु ४७९०१५। मा १.५ प्रतिशत र ज्याला रु २२४६००। र सिमेन्ट खरिद रु ३४७४७५। मा कर घट्टी कट्टी | ५४७६०.०० | २५१३२.०० | २९६२८.०० | |
| | ४०-०७६।३।२९ | वडा नं. ८ थल्हीमा सामुदायिक भवन निर्माण बापत उपभोक्ता समितिलाई ( अध्यक्ष बिजय कुमार मण्डल) रु ७८७०२३। भुक्तानी गर्दा गिटी बालुवा रु १०१०६०। मा रु १०१०६। ईटा, सिमेन्ट र छड खरिद रु ६२९६८६।८५मा रु | २०६३४.६७ | ११६५२.०० | ८९८२.६७ | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | | ८३५८।६७ र ज्यामी ज्याला मा १ प्रतिशत रु २१७०। समेत रु २०६३४। कर लाग्नेमा घटी कट्टी | | | | |
| | ४१-०७६।३।२९ | वडा नं. ४ स्तरीय सडक मर्मत खर्च रु ९७०००। भुक्तानी गरेकोमा ( का.स. अंक रु १०८४३५।०४) माटो भरेको भाडा रु ९९६१७ मा १० प्रतिशत कर लाग्ने | ९९६१.१७ | १४५५.०० | ८५०६.७० | |
| | ४३-०७६।३।२९ | नगरस्तरीय बांधपैनी मर्मत खर्च रु ९७००००। उ.स. ( अध्यक्ष बिल्टु मण्डल ) लाई भुक्तानी गर्दा एक्साभेटर भाडा प्यान बिल रु ९२७५००। मा १० प्रतिशत कर लाग्ने | ९२७५०.०० | १४४७४.०० | ७८२७६.०० | |
| | ४९-०७६।३।३० | सम्सी जनकपुर सडक खण्ड देखि लिदियाही पोखरीको दक्षिण जाने कृषि सडक निर्माणको रु २५००००। उ.स.( अध्यक्ष सञ्जय कुमार साह ) लाई भुक्तानी गर्दा रामशरण मण्डललाई जे.सि.वि. को भाडा रु ३०००००। प्यान बिलको भुक्तानीमा १० प्रतिशत कर नकाटेको | ३००००.०० | ३७५०.०० | २६२५०.०० | |
| | ५२-०७६।३।३० | गोठ बजार दखि पश्चिम पाखर गाछी सम्म पि.सि.सि. ढलानको उपभेक्त समिति ( अध्यक्ष रामचन्द्र महरा) लाई रु १५६६३२१। भुक्तानी गर्दा माटो ढुवानी र मिक्सचर मेशिन भाडा रु २५६०००। मा रु २५६००। , सिमेन्ट खरिद रु ४१०१९०। मा अग्रिमकर रु ५४४५। र ज्यालामा रु ३१८०। र गिटी , बालुवा, ग्राभेल प्यान बिल रु ७२००००। मा १० प्रतिशत रु ७२०००। समेत | १०६२२५.०० | २०२३८.०० | ८५९८७.०० | |
| | ५३-०७६।३।३० | कञ्चनमाई मन्दिरमा अधुरो कम्पाउण्ड निर्माण बापत रु ४८५०००। भक्तानी गर्दा ग्राभेल रु २०७०००। , जे.सि.वी. भाडा रु ७५०००। टयाक्टरबाट बालुवा गिटी ढुवानी रु ६००००। समेत रु ३४२०००। मा १० प्रतिशत बहाल कर रु ३४२००। भन्दा घटी कट्टी | ३४२००.०० | ६९८३.०० | २७२१७.०० | |
| | ५६-०७६।३।३० | वडा नं. ३ मा कृषि सडक निर्माण वापत रु ४८५०००। भुक्तानी गर्दा जे.सि.वी. भाडा रु ४८००००। मा १० प्रतिशत बहाल कर लाग्ने | ४८०००.०० | ७२७५.०० | ४०७२५.०० | |
| | ३४-०७६।३।२६ | ईदगाहमा कम्पाउण्डवाल निर्माण र माटोको काम वापत उ.स. (अध्यक्ष खुसेंद खाँ) लाई रु ३४३४६०। भुक्तानी गर्दा माटो र बालुवाको प्यान बिल रु १३५०००। मा १० प्रतिशत बहाल कर रु | १५८३८.५० | ५५६५.०० | १०२७३.५० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | | १३५००। फलामको गेट , सिमेन्ट , छड पेन्ट र ईटा खरिदमा १.५ प्रतिशत कर रु २३३८।५० समेत | | | | |
| | ३६-०७६।३।२६ | सम्सी सडक देखि सरकार गाछी सम्म सडक निर्माण बापत उ.स. लाई रु ३८६२५० । भुक्तानी गर्दा जे.सी.वि. भाडा रु ३५२०००। मा १० प्रतिशत कर लाग्ने | ३५२००.०० | ५६२६.०० | २९५७४.०० | |
| | ४२-०७६।३।२९ | वडा नं. ४ मा कृषि सडक मर्मत कार्यको उ.स. ( अध्यक्ष राजनारायण महत्तो ) लाई र ३६८४४४।७८ भुक्तानी गर्दा माटो ग्राभेल ढुवानी प्यान बिल रु २९९८९९। मा १० प्रतिशत कर लाग्ने | २९९९०.०० | ५०९३.०० | २४८९७.०० | |
| | ६३-०७६।३।३१ | अग्लेसश चोकदेखि कञ्चनपुर चोक सम्म कृषि सडक निर्माण वापत उ.स.( अध्यक्ष राम दयाल सहनी ) लाई रु ३८८०००। भुक्तानी गर्दा जे.सि.वी. को भाडा रु ४४००००। को बिलमा रु ४४०००। कर लाग्ने | ४४०००.०० | ५८२०.०० | ३८१२०.०० | |
| | ६५-०७६।३।३१ | वडा नं. ९ राम प्रताप साहको घर देखि टिमल महराको घर सम्म ग्राभेलिङ कार्य रु २९१००००। (कार्य सम्पन्न अँक रु ३३१५६२।२६) भुक्तानी गर्दा माटो र ग्राभेल ढुवानीको प्यान बिल र भरपाई रु ३१७२२०। मा १० प्रतिशत कर लाग्ने | ३१७२२.०० | ४३६५.०० | २७३५७.०० | |
| | ६१-०७६।३।३१ | महेन्द्र रा.उ.मा.वि.दक्षिण सामुदायिक भवनसम्म सडक ग्राभेलिङ्ग कार्यको उ.स. लाई रु ७७६०००। भुक्तानी गर्दा माटो , ग्राभेल ढुवानी रु ७७७०००। र जे.सि.वी. को भाडा रु ८७५००। समेत रु ८६४५००। कार्य सम्पन्न अंक मा १० प्रतिशत कर लाग्ने | ८६४५०.०० | ३०७७४.०० | ५५६७६.०० | |
| | ६२-०७६।३।३१ | वडा नं. ५ प्रगास मण्डलको घर देखि लक्ष्मण भण्डारीको घर सम्म अधुरो पि.सी.सी. कार्यको उ.स. ( अध्यक्ष कमलेश कुमार चौधरी ) लाई रु ४०००००। भुक्तानी गर्दा माटो, गिटी, बालुवा, ग्राभेल ढुवानी र मिक्सचर्स भाडा रु २७१६००। मा १० प्रतिशत कर २७१६० । र सिमेन्ट खरिदको कर रु १५४३।५० समेत | २८७०३.५० | ११७८०.०० | १६९२३.५० | |
| | ६६-०७६।३।३१ | वडा नं. ९ कार्यालय देखि सम्सी टोलसम्म ग्राभेलिङ कार्यको उ.स. ( अध्यक्ष मो.रिजबान खाँ ) लाई रु १२६१०००। भुक्तानी गर्दा (कार्य सम्पन्न अकं रु १४०११७३।७३ ) माटो , ग्राभेल , गिटी, बालुवा ढुवानी प्यान बिल रु | १४१०२८.८० | ३०५५०.०० | ११०४७८.८० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | | १४१०२८८। मा १० प्रतिशत कर लाग्ने | | | | |
| | ६८-०७६।३।३१ | बनौली सञ्जय साहको घर देखि जोगी मण्डलको घरसम्म पी.सी.सी. ढलान कार्यको उ.स. (अध्यक्ष भरत यादव ) लाई रु १०६७०००। भुक्तानी गर्दा सिमेन्ट खरिद रु ४६९८५४। मा रु ६२३७ र बालुवा, गिटी, ग्राभेल प्यान बिल भरपाईको रु ६२१३५०। मा १० प्रतिशत कर लाग्ने | ६८३७०.०० | १७६०५.०० | ५०७६७.०० | |
| ८६. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा वार्षिक वजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यमा खर्च भए नभएको विल भरपाई जाच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । स्वास्थ्य संयोजक रामचन्द्र यादवको स्वास्थ्य स्वयम सेविकाहरुलाई भत्ता वितरण गर्न ०७६।३।२६ मा लिएको रु.३,८४,०००।- पेश्की फछ्र्यौट गरेको विल भरपाई पेश गरेकोमा गोश्वारा भौचर नं उल्लेख नगरेको र वैंक नगदी कितावमा नचढाएको र लेखा प्रमुख र कार्यलय प्रमुखवाट स्वीकृत भएको छैन । उक्त खर्चको अभिलेख गरी खर्च स्वीकृत नगरेको अवस्थामा पेश्की फछ्र्यौट गर्न नमिल्ने भएकोले पेश्की कायम गरी नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | ३८४०००.०० |
| ८७. | कार्यालयले अग्रिम कर रु.४१३३।२५ र पारिश्रमिक कर रु.२५२००।- समेत रु.२९३३३।२५ दाखिला गरेको भनी गो.भौ.नं.उल्लेख नगरेको भौचरसाथ कर दाखिलाको प्रमाण पेश भएको छैन । उक्त कर दाखिलाको सक्कल भौचर पेश गर्नुपर्दछ । | २९३३३.२५ |
| ८८. | भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन साथ खर्चका विल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । उप प्रमुख सीतादेवी साहले कार्तिक १४ देखि माघ २५ सम्म १० वटा गोष्ठी तथा कार्यक्रममा भाग लिन जादाको भ्रमण खर्च | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>वापत रु ५३७५०।- र सचिव रामवावु साहले भाद्र ५ देखि माघ २५ सम्म जलेश्वर र जनकपुर भ्रमण गरेको खर्च रु.२०१००।- र उप प्रमुखले भ्रमण गर्न जाँदाको खाजा खर्च रु.१३,१५०।- समेत ०७५।१०।२५ गते विल पेश गरी भुक्तानी लिएको देखियो । नगरप्रमुखले कार्तिक १४ देखि २० सम्म ३ कार्यक्रम, मंसिर ४ देखि २१ गतेसम्म ४ कार्यक्रम र २८ देखि २९ सम्म निरन्तर र माघ १३-१४ र २४-२५ मा गोष्ठीमा भाग लिएको र ३ वटा वडा हेर्ने वडा सचिवले माघमा मात्र १७ दिन र असोज देखि पौषसम्म समेत २७ दिन भ्रमण गरेकोमा भ्रमण प्रतिवेदन पश गरेको देखिएन । भ्रमण खर्चलाई पारदर्शी र नियमसंगत वनाउन भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र वडाका कर्मचारीलाई अत्याधिक दिन भ्रमण खटाउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । उपप्रमुख सीतादेवी साहलाई भ्रमणमा जादाको खाजा खर्च दिन नमिल्ने हुँदा असुलउपर गर्नुपर्ने रु.</td><td>१३१५०.००</td></tr>
<tr><td>८९.</td><td>आयकर ऐन,२०५८ को दफा ९० अनुसार कार्यालयले कट्टी गरेको पारीश्रमिक कर, आयकर वहाल कर र सामाजिक सुरक्षा कर १५ दिन भित्र कर कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न भौचरवाट कट्टी गरेको विभिन्न कर रु.११,२२,१६७२२ राजस्वमा दाखिला गरेको प्रमाण पेश भएको छैन । कर दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>विवरण</th><th>कर रकम</th></tr>
<tr><td>३६०-०७६/३/३१</td><td>वहाल कर</td><td>३०५९५४.४०</td></tr>
<tr><td>३६२- ,,</td><td>मु.अ.कर</td><td>११२७१०.००</td></tr>
<tr><td>३६५- ,,</td><td>आयकर, वहालकर, सासुकर</td><td>६७४५९९.८७</td></tr>
<tr><td>३६८- ,,</td><td>अग्रिम आयकर र पारिश्रमिक कर</td><td>२८९०३.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११२२१६७.२७</td></tr>
</table></td><td>११२२१६७.२२</td></tr>
<tr><td>९०.</td><td>२१२-०७६।२।१९ नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत आवास प्रयोजनको लागि ०७४।९।१ देखि रामगोपालपुर न.पा.५ स्थित रञ्जना चौधरीको ६ कोठाको घर भाडामा लिएको प्रमुख प्रशासकिय अधिकृत कविराज उप्रेतीले वर्दिवास न.पा १ स्थित प्रज्वल वस्नेतको घरको ३ कोठा ०७५ मंसिर देखि ०७५ चैत्रसम्मको ५ महिना भाडामा वसेको भनी रु.१७,९२०।- दरले रु.८९,६००।- घर भाडा भुक्तानी गरेको देखियो । कार्यालयको आवास हुंदा हुंदै वर्दिवास वस्नुपर्ने कारण स्पष्ट नभएको र संझौतामा मिति समेत उल्लेख नभएको साथै कार्यालय प्रमुखको घर भाडा नगरपालिकावाट खर्च लेख्न नमिल्ने हुँदा कर कट्टी वहेक निजवाट असुल उपर गर्नुपर्ने रु.</td><td>८०६४०.००</td></tr>
<tr><td>९१.</td><td>१२२-०७५।११।२३ कर्मचारीलाई तोकिएको काम , कर्तव्य तथा जिम्मेवारीको कार्य गरे वापत तलव, भत्ता तथा अतिरिक्त समयको खाजा खर्च दिनुपर्ने व्यवस्था छ । प्रोत्साहन भत्ता र कार्यालयकोको काममा उपस्थित भई बिहान बेलुका काम गर्दा खाजा खानाको व्यवस्था गरेकोमा २०७५।५।२५ देखि ०७५।६।२० सम्म अतिरिक्त समयमा दोस्रो नगरसभा सञ्चालनको तयारी कार्य गरेको भनी १६ कर्मचारीलाई ३ दिन देखि २५ दिन सम्मको अतिरिक्त समय भत्ता बापत रु १८६५००। भुक्तानी गरेको दखियो । निम्नानुसार कर्मचारीलाई तोकिएको कार्य गर्दा दोहोरो सुविधा दिन नमिल्ने हुँदा भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>दिन</th><th>भत्ता रकम</th></tr>
<tr><td>१</td><td>प्र.प्र.अ. कविराज उप्रेती</td><td>२५</td><td>३७५००.००</td></tr>
<tr><td>२</td><td>अधिकृत छैठौ निलाम्वर मिश्र</td><td>२०</td><td>३००००.००</td></tr>
<tr><td>३</td><td>ले.पा. गोनु यादव</td><td>२०</td><td>३००००.००</td></tr>
<tr><td>४</td><td>क.अ. दिलिप कुमार यादव</td><td>२०</td><td>३००००.००</td></tr>
<tr><td>५</td><td>अन्य १२ कर्मचारी</td><td>३ देखि ७ दिन</td><td>५९०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८६५००.००</td></tr>
</table></td><td>१८६५००.००</td></tr>
<tr><td>९२.</td><td>पारिश्रमिक कर : आयकर ऐन,२०५८ बमोजिम पारिश्रमिक , भत्ता , सुविधा रकम जुन वर्षमा प्राप्त भएको छ नगद प्राप्तिको आधारमा दफा ८७ बमोजिम छुट पाउने रकम कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।</td><td>२१७७७०.९६</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | नगरपालिका पदाधिकारीलाई आ.व. २०७४।०७५ र २०७५।०७६ को सुविधा भत्ता रकम यस बर्ष भुक्तानी गरेकोमा परिवारिक छुट , बीमा, ना.ला.कोष लगायत छुट हुने रकम कट्टा गरी हुने रकममा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको देखियो । ऐनको उल्लेखित व्यवस्था बमोजिम निम्नानुसार छुट भएको पारिश्रमिक कर रु २१७७७०।९६ असुलउपर गर्नुपर्ने रु | |

| क्र.स. | पदाधिकारीको नाम | जम्मा पारिश्रमिक | नपुग पारिश्रमिक कर |
|---|---|---|---|
| १ | नगर प्रमुख अशोक कुमार मण्डल | ७६०६६६.६७ | ६४५९३.०० |
| २ | नगर उपप्रमुख सिता देवी साह | ६७३७३३.३३ | ३७५३५.००० |
| ३ | वडा अध्यक्ष शेष निराले | ४७८१३३.३३ | ७०३२.३३ |
| ४ | वडा अध्यक्ष जनिफ खाँ | ४७८१३३.३३ | ७०३२.३३ |
| ५ | वडा अध्यक्ष जयनारायण मण्डल | ४७८१३३.३३ | ७०३२.३३ |
| ६ | वडा अध्यक्ष कारी कमख्या महतो | ४७८१३३.३३ | ७०३२.३३ |
| ७ | वडा अध्यक्ष जितेन्द्र कुमार चौधरी | ४७८१३३.३३ | ७०३२.३३ |
| ८ | वडा अध्यक्ष रामबाबु यादव | ४७८१३३.३३ | ७०३२.३३ |
| ९ | वडा अध्यक्ष शम्भु साह | ४७८१३३.३३ | ७०३२.३३ |
| १० | वडा अध्यक्ष रामविलास मण्डल | ४७८१३३.३३ | ७०३२.३३ |
| ११ | वडा अध्यक्ष राजेन्द्र यादव | ४७८१३३.३३ | ७०३२.३३ |
| १२ | कार्यपालिक सदस्य महेन्द्र दास | ४७८१३३.३३ | ७०३२.३३ |
| १३ | कार्यपालिक सदस्य कृष्णा देवी मण्डल | ४७८१३३.३३ | ६२५१.०० |
| १४ | कार्यपालिक सदस्य रामतोला देवी माझी | ४७८१३३.३३ | ६२५१.०० |
| १५ | कार्यपालिक सदस्य रामकिशोर चौधरी | ४७८१३३.३३ | ७०३२.३३ |
| १६ | कार्यपालिक सदस्य श्याम सुनदर चौधरी | ४७८१३३.३३ | ७०३२.३३ |
| १७ | कार्यपालिक सदस्य सोनिता कुमारी महरा | ४७८१३३.३३ | ६२५१.०० |
| १८ | कार्यपालिक सदस्य मिना देवी यादव | ४७८१३३.३३ | ६२५१.०० |
| १९ | कार्यपालिक सदस्य राधा देवी यादव | ४७८१३३.३३ | ६२५१.०० |
| जम्मा | | ९५६२६६६.६१ | २१७७७०.९६ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ९३. | भौ.न.२२७।०७६।२।२७ वार्षिक वजेट तथा कार्यक्रम अनुसार सरकारी रकम निर्धारित कार्यक्रममा उद्देश्यमूलकरुपमा उपलब्धि प्राप्त हुने गरी खर्च गर्नु पर्दछ । कार्यालयले कर्मचारीकाे आवासमा भएका किचेन सामाग्री तथा खाजा खानाको खर्च समेत निम्नानुसार रु १६२४७०/-सरकारी वजेटवाट खर्च लेखेको देखियो । कर्मचारीका निजी खर्च सरकारी वजेटवाट खर्च लेख्ने प्रवृत्तिलाई नियन्त्रण गरी सम्वन्धित कर्मचारीवाट असुलउपर गर्नुपर्ने रु | १६२४७०.०० |

| गो.भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|
| २२७-०७६/२/२७ | राहुल कोल्ड स्टोर्स रामगोपालपुर ६वाट ०७५।१२।३, ०७५।१२।२५, ०७६।१।७, ०७६।१।२७ र ०७६।२।२७ का ५ विल अनुसार दाल, चामल, तरकारी, अण्डा, च्यूरा तेल, सरफ, किसमिस, पियर्स, जूस,पानी र गिलास कार्यालय प्रमुख, शिक्षा उपसचिव र मेयर तथा अन्य पदाधिकारीको लागि खरिद गरेको उल्लेख | ७२५४५.०० |
| २४५-०७६/३/५ | कार्यालय प्रमुखको क्वाटरका लागि खाद्य सामाग्री खरिद (भान्छे राम इश्वर मुखियालाई सोधभर्ना) | २००००.०० |
| २५९-०७६/३/२४ | कार्यालय प्रमुखको क्वाटरमा खाजा खाना र सिलिण्डर खरिद | १००००.०० |
| ३३६-०७६/३/२६ | कार्यालय प्रमुखको क्वाटरमा सामाग्री खरिद | १००००.०० |
| ३३९,३४५-०७६/३/३१ | कार्यालय प्रमुखको क्वाटरमा खाद्य सामाग्री खरिद | २००००.०० |
| १३१-०७५/१२/५ | प्रमुख प्रशासकीय अधिकृत कविराज उप्रेतीको क्वाटरमा राहुल कोल्ड स्टोर्सवाट चादाल चामल, तरकारी,पानी, नून वेसार जूस खरिद | १९९२५.०० |
| २७५-०७५/३/१६ | प्रमुख प्रशासकीय अधिकृत निलाम्वर मिश्रको क्वाटरमा खाद्य सामाग्री खर्च | १००००.०० |
| | जम्मा | १६२४७०.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ९४. | **भौ.नं.२६२-०७६।३।१२** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा विल भरपाई र खर्चको अन्य प्रमाण जाँच गरेर खर्च लेख्नुपर्ने व्यवस्था छ । स्टोर ना.सु. मुस्लिम वैठालाई मालसामन खरिद र ०७६।२।५ को खाजा खाना वापत रु.२७६००।- समेत रु.४३ ,२१७।- खर्चको सोधभर्ना गरेकोमा २४० जनाको खाना खाजा खर्चको कार्यक्रम तथा सहभागी आदि प्रमाण वेगर खर्च लेखेको देखियो । कार्यक्रम र सहभागी संख्या खुलेको प्रमाण पेश गर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु. | २७६००.०० |
| ९५. | **भौ.नं.३४१।०७६।३।३१** नगर प्रमुखका पि.ए.रामजानकारी मण्डललाई ०७५।९।५ मा शुमकामना वापत रु.५०००।- फुलकाे माला रु.५०००।-, गाडी मर्मत रु.३२,३८०।-, पाइन्ट, सर्ट, भेष्ट, गंजी, गन्छा जांघिया रु.१८२३०।- खाजा खाना ४ पटकको रु६७२०।- र रिचार्ज कार्ड रु.१०००।- समेत रु६८,३३०।- को विल पेश गरी रु.६८,०००।- सोधभर्ना भुक्तानी गरेको देखियो । सरकारी वजेटवाट पाइन्ट सर्ट लगायत कपडा रु.१८,२३०।- र विभिन्न स्थानको खाजा खाना, खर्च रिचार्ज कार्ड रु.७,३९०।- के खर्च लेख्न नमिल्ने देखिएकोले सम्वन्धितवाट असुलउपर गर्नुपर्ने रु. | २५६००.०० |
| ९६. | **भौ.नं.२८९।०७६।३।२०** वडा सचिव रामवावु साहलाई कार्यालय प्रयोजनको लागि मोटरसाइकल दिएकोमा निजले वा.१७ च ६४०४ को गाडी विभिन्न मितिमा प्रयोग गरेको मिति समेत नखुलाई नगरपालिकाको मुद्दामा वा फिल्ड र मुद्दा सम्वन्धी कार्यमा प्रयोग गरेको भनी ७ दिनको रु२८०००।- भाडा सोधभर्ना भुक्तानी लिएको देखियो । निजलाई मोटरसाइकल दिएको र कार्यालयमा २ वटा गाडी समेत भएको अवस्थामा गाडी भाडा दिन नमिल्ने हुदा करकट्टी वाहेक असुलउपर गर्नुपर्ने रु. | २५२००.०० |
| ९७. | **भौ.नं.२९०-२०७६।३।२०** वडा सचिव रामवावु साहलाई वडा नं.१, ७ र ८ गरी ३ वडाको कार्य जिम्मेवारी तोकिएकोमा निजले चैत्रमा ११ दिन, वैशाखमा १० दिन जेष्ठमा ५ दिन र आषाढमा ८ दिन पटक पटक भ्रमण गरी रु.३२,०००।- भ्रमण खर्च भुक्तानी लिएकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | । वडा सचिवलाई ३ वडाको दैनिक कामकाजमा सेवा प्रवाहमा असर पर्ने गरी मुद्दा मामिला तथा अन्य कार्यमा खटाएको देखिएकोले यस्ता कार्य नगर प्रमुख, कार्यालय प्रमुख र कानून व्यवसायीवाट गरी गराई कर्मचारीको भ्रमण काजमा नियन्त्रण गर्नु पर्दछ । | |
| ९८. | **भौ.नं.२९०-०७६।३।२०** भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण विल भरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र त्यस्तो विल भरपाई जांच गरी भुक्तानी दिनु पर्दछ । वडा सचिव रामवावु साहले ०७५।१२।१०-०७६।३।१८ सम्म ९ पटक भ्रमण गरी रु ३२०००।- भ्रमण खर्च भुक्तानी लिएकोम २०७५।१२।२५ देखि देखि ०७५।१२।३० सम्म जनकपुरको रु.६३०००।- र ०७५।१२।२६ देखि ०७६।१।२ सम्म काठमाडौंको रु.७५००।- एकै मितिको दोहोरो भ्रमण खर्च र ०७५।१२।२५ देखि ०७६।१।१० सम्म पटक पटक गरी ४ पटक भ्रमणमा खटाएकोले -दोहोरो ०७५।१२।२६-०७६।१।२ सम्म वाहेक) ४ दिनको १२००।- को दरले ५० प्रतिशत रु.२४००।- वढी भुक्तानी गरेको देखियो । भ्रमण काजलाई टुक्रा टुक्रा पारी भ्रमण खटाउने कार्यमा नियन्त्रण गरी वढी भुक्तानी असुलउपर गर्नुपर्ने रु. | २४००.०० |
| ९९. | **भौ.नं.२९६।०७६।३।२४** आर्थिक कार्यविधि नियमावली,२०६४को नियम ३६ मा सरकारी रकम वार्षिक वजेट तथा कार्यक्रम अनुसार रीतपूर्वकका विल भरपाई भए नभएको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । वडा सचिव रामवुवावुसाहलाई वडा कार्यालयको संचालन खर्च वापत ५ महिनाको खाजा खाना र गणतन्त्र दिवस मनाउन रु.७५००।- समेत रु.६९५००।- हुनेमा सरकारी वकपत्र गराउन जांदाको खाना खानाको रु.१५६००।- समेत रु.८१५००।- भुक्तानी गरेको देखियो । भ्रमण खर्च लिएको अवधिको खाना खाजा खर्च दिन नमिल्ने हुंदा निजवाट असुलउपर गर्नुपर्ने रु. | १५६००.०० |
| १००. | **भौ.नं.२६०-०७६।३।१२** प्रदेश नं.२ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५मा सुविधा रकम लिने पदाधिकारी तथा सदस्यले वैठक भत्ता पाउने व्यवस्था नभएको र प्रोत्साहन भत्ता पाइरहेको कर्मचारीले दोहोरो सुविधा हुने गरी बैठक भत्ता तथा खाजा भत्ता नपाउने व्यवस्था छ । तेश्रो नगरसभामा उपस्थित ५० पदाधिकारी तथा सदस्यहरुलाई रु १५०० का दरले रु ७५०००। , १६ कर्मचारीलाई रु १५००। दरले र का.स. ४ लाई रु ४००० गरी रु २२०००। र प्रहरी २९ जनालाई रु १०००।का दरले रु २९०००। समेत रु १३८०००। बैठक भत्ता भुक्तानी गरेको देखियो । खर्चको मापदण्ड विपरित बैठक भत्ता खर्च लेखेको असुलउपर गर्नुपर्ने रु | ११७३००.०० |
| १०१. | **भौ.नं.६८-०७५।९।१९:** कर्मचारीलाई तोकिएको काम कर्तव्य गरे वापत तलब भत्ता, दैनिक भत्ता अतिरिक्त समयको खाजा खाना दिनुपर्ने व्यवस्था छ । कर्मचारीले बिहान बेलुका र बिदाको दिनमा समेत कार्य गरेको भनी खाईपाई आएको तलवको २५ प्रतिशत प्रोत्साहन भत्ता दिएको र नगरसभाको समयमा खाजा खाना समेत उपलब्ध गराएको अवस्थामा ३२ जना कर्मचारीलाई बैठक भत्ता बापत रु २३७०००। भुक्तानी गरेको देखिएकोले दोहोरो सुविधा दिन नमिल्ने हुँदा कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु | २०१४५०.०० |
| १०२. | ३२६-०७६।३।३१,आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रित पूर्वकको बिल भरपाई र अन्य प्रमाण जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऋषभ जनरल सप्लायर्स १० वाट पोषाक खरिद वापट रु २९९८२२। भुक्तानी गरेकोमा दाखिला प्रतिवेदन र बितरणको भरपाई पेश भएको देखिएन ।दाखिला प्रतिवेदन र को कसलाई बितरण गरेको भरपाई पेश गर्नुपर्ने रु | २९९८२२.०० |
| १०३. | **३५७-०७६।३।३१,** बार्षिक बजेट तथा कार्यक्रम अनुसार नगरपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमको स्थलगत रुपमा अनुगमन तथा मूल्यांकन गरी जाँचपास तथा फरफारक गर्नु पर्दछ ।पालिकाले सञ्चालन गरेका योजनाको ५ जनाले अनुगमन गरी रेडिमेड फर्मेटमा योजनाको नाम उल्लेख गरी प्राविधकको लागत अनुमान, मूल्याँकन अनुसार सन्तोषजनक रहेको हुँदा उक्त कार्यको भुक्तानी नियमानुसार गर्ने भनी ५ जनाले दस्तखत गरी पेश गर्ने गरेको आधारमा अनुगमन तथा मूल्याँकन वापत रु २५५०००। भुक्तानी गरेको देखियो । वडा भित्रको योजना अनुगमन वापत भुक्तानी गर्न नमिल्ने हुँदा सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | २५५०००.०० |
| १०४. | **३२८-०७६।३।३१,**आयकर ऐन, २०५८ को दफा ८८मा कानूनी परामर्श तथा मुद्दा मामिलाको वहस पैरवी लगायतको पारिश्रमकमा मू.अ.कर बिजक भए १.५ र अन्य बिल भरपाईमा १५ प्रतिशत अग्रिमकर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको कामकारवाही उपर जलेश्वर जिल्ला अदालत र उच्च | ७२३०५.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | अदलात जनकपुरमा परेका २१ मुद्दाको प्रतिउत्तर र बहस वापत अधिवक्ता दिपेन्द्र कुमार साहलाई रु ४७२५००। र प्रमोद कुमार कर्णलाई वारेश वसेको पारिश्रमिक वापत रु १२०००। समेत रु ४८४५००। भुक्तानी गर्दा १५ प्रतिशत ले रु ७२३०५।कर लाग्नेमा रु ७२६८। मात्र कर कट्टी गरेको दखियो । कार्यालयको काम कारवाही उपर अत्यधिक मुद्दा मामिला परेकोले कार्य पद्दतिमा सहमति , समन्वय र सहकार्यबाट योजना तथा कार्यक्रम छनौट, कार्यन्वयन र अनुगमन मूल्यांकन गरी गुणस्तर कायम गराई मुद्दा तथा वाधा अवरोधलाई हटाउन पालिकाले ध्यान दिन पर्दछ । नियमानुसार कर कट्टी नगरी छुटन गएको कर सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | |
| १०५. | उललेखित २१ मुद्दा मध्ये रिट नं ०७५-Wo-४७१, मुद्दाको लिखत र बहस समेतको पारिश्रमिक रु २३५००। को बिल भरपाई पेश नभएको रु | २३५००.०० |
| १०६. | **३१८-०७६।३।२९,** अधिबक्ता सुशिल कुमार चौधरीलाई रिट नं. १९३ FJ ००२८ को निषेधाज्ञा र अवलोकन मुद्दाको लिखत र बहस वापत रु २४०००। को परामर्श शुल्कमा १५ प्रतिशत ले रु३६००। कर लाग्नेमा रु ३६० । मात्र कट्टी गरेको देखियो । आयकर ऐन , २०५८ को दफा ८८ अनुसार मू.अ.कर बिजक नभएको अन्य बिल भरपाईमा १५ प्रतिशत कर लाग्नेमा घटी कर कट्टी गरेको असुलउपर गर्नुपर्ने रु | ३२४०.०० |
| १०७. | **३४२-०७६।३।३१,** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी जुनसुकै किसिमबाट प्राप्त मालसामान, बस्तुगत वा हस्तान्तरणबाट प्राप्त मालसामान ७ दिन भित्र जिन्सीमा आम्दानी वाँधी श्रेस्ता खडा गनुपर्ने व्यवस्था छ । स्टोरकिपर मुस्लिम बैठालाई १२ वटा छाता रु ४२००। , लेडिज ब्याग १ थान रु ६५००। पानी टयाँकी १ थान रु १५०००। , ग्याँस चुल्हो १ थान रु ५६२५। , पाईप २ वटा १८० मीटरको रु २७०००। , रसा टिउर रु ९७०० । र मोटरसाईकल मर्मत रु १३५००। समेत रु १५२५ । को बिलको रु ८४३००। सोधभर्ना भुक्तानी गरेको छ भने उक्त सामाग्री स्टोर दाखिला गरेको देखिएन ।बिल भरपाई नपुग रु २८००। , लेडिज व्याग रु ६५००। र निजले मोटरसाईकल मर्मतको पहिले पनि मर्मत खर्च भुक्तानी , लिएकोले पुन दिन नमिल्ने रु १३५००। समेत असुलउपर गर्नुपर्ने रु | २२८००.०० |
| १०८. | भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा कुनै कर्मचारी सरुवा, बढुवा भई जाँदा वा भ्रमणमा जानुपर्ने भएमा २० किलोमिटर भन्दा बढी भएमा दैनिक भत्ता पाउने तर एकै दिनमा गई फर्कन सक्ने यातायातको सुविधा भएमा नियम ७(३) वमोजिम दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च र भ्रमण खर्च दिनु पर्ने व्यवस्था छ । नगरपालिकाबाट सरकारी काममा खटी जाने र पदाधिकारी तथा कर्मचारीलाई २०- २१ किलोमिटर भित्रको यातायात सुविधा भएको स्थानमा दैनिक भत्ता दिने कार्यमा नियन्त्रण गरी नियमसंगतरुपमा खर्च गर्न ध्यान दिनुपर्दछ । भ्रमण आदेश र भ्रमण अवधि भन्दा बढी हुनेगरी खर्च लेखेको रकम असुलउपर गर्नुपर्ने रु. | ९२००.०० |

| गो.भा.नं. | विवरण | बढी भुक्तानी |
|---|---|---|
| १६४-०७५/१२/१८ | क.अ. दिलिप कुमार साहलाई भ्रमण खर्च रु.२४५००। भुक्तानी गर्दा जनकपुर जलेश्वर ०७५।१२।१० देखि १८ को ७.२५ दिन र ०७५।१२।१ देखि १२।६ सम्म ६.२५ दिन भुक्तानी गरेकोले २ दिनको बढी भुक्तानी | २४००.०० |
| १६९-०७५/१२/१९ | स.ई. मनोज कुमार साहलाई ०७५।१०।२६ देखि ११।३ र ०७५।१२।१ देखि १२।४ को भ्रमण खर्च रु.१७६००।- भुक्तानी गर्दा फटकर खर्च रु.४०००।- दिएकोले बढी भुक्तानी | २०००.०० |
| २१५-०७५/२/२० | क.अ. दिलिप कुमार साह ०७६।३।५ देखि ३।११ र २०७६।२।९ देखि ०७६।२।१५ सम्म १४ दिन हुनेमा १६ दिनको भ्रमण खर्च भुक्तानी गरेकोले बढी भुक्तानी रु | २४००.०० |
| ३४६-०७६/३/३१ | क.अ. दिलिप कुमार साह ०७६।३।५ देखि ३।११ र ०७६।३।१६ देखि ३।२२ सम्म काठमाण्डौ भ्रमण गर्दा २ दिनको दैनिक भत्ता बढी भुक्तानी रु. | २४००.०० |
| | जम्मा | ९२००.०० |

| | | |
|---|---|---|
| | **समानिकरण पूजीगत** | |
| १०९. | बार्षिक बजेट तथा कार्यक्रम अनुसार निर्धारीत समयमा काम सम्पन्न गर्ने गरी आर्थिक बर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट हुनेगरी पेश्की दिनु पर्दछ । नगरपालिकाले आर्थिक बर्षको अन्तयमा निम्न कार्यको लागि रु ११३८०००.०० पेश्की दिएकोमा उक्त कार्य सम्पन्न गरेको प्रमाण २०७६।६।१४ सम्म पेश | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>हुन नआएकोले उक्त पेश्की रकममा १० प्रतिशत व्याज समेत गणना गरी असुलउपर गर्नुपर्ने रु<br>
<table>
<tr><td>गो.भौ.नं.</td><td>पेश्की लिनेको नाम</td><td>वापत</td><td>पेश्की रकम</td></tr>
<tr><td>३२-२०७६।३।२६</td><td>वडा नं. ५ का वडाध्यक्ष जितेन्द्र चौधरी</td><td>बिधुत संरचना निर्माण</td><td>३८८०००.००</td></tr>
<tr><td>१४१-२०७६।३।३१</td><td>वडा नं. ३ कारीचरण मण्डल लाई लागत अनुमान स्वीकृत नगरी पेश्की</td><td>हयुम पाईप खरिद तथा जडान</td><td>२५००००.००</td></tr>
<tr><td>१४०-२०७६।३।३१</td><td>वडा नं. ३ निर्मलादेवी मण्डललाई लागत अनुमान स्वीकृत नगरी पेश्की</td><td>बिद्युत संरचना निर्माण</td><td>३०००००.००</td></tr>
<tr><td>१४४-२०७६।३।३१</td><td>वडा नं. ४ का सचिव महेन्द्र मण्डललाई लागत अनुमान स्वीकृत नगरी पेश्की</td><td>हयुम पाईप खरिद तथा जडान</td><td>२०००००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११३८०००.००</td></tr>
</table></td><td>११३८०००.००</td></tr>
<tr><td>११०.</td><td>भौ.नं.३७-२०७६।३।२६, बार्षिक बजेट तथा कार्यक्रम अनुसार लागत अनुमान र सम्झौता अनुसार कार्यक्रम सञ्चालन गरी रितपूर्वकको बिल भरपाई भए नभएको जाँच गरी भुक्तानी गर्नु पर्दछ । मिथिला रंग मञ्चले रु १४५०००। खर्च लाग्ने भनी लागत बिवरण पेश गरेको छ । कार्यक्रम सञ्चालन गरेकोमा रु १५००००। भुक्तानी गर्दा पारिश्रमिक कर रु ४९५०। र बहालकर रु १३००। समेत रु ६२५० । कर लाग्नेमा रु २२५०।०० मात्र कट्टा गरेको देखियो । स्वीकृत लागत बिवरण भन्दा बढी खर्च रु ५०००। र कर नपुग रु ४०००। समेत असुलउपर गर्नुपर्ने रु</td><td>९०००.००</td></tr>
<tr><td>११०.१</td><td>प्रदेश नं. २ ले जारी गरेको खर्चको मापदण्ड सम्बन्धी निर्देशिका अनुसार ३ दिन सम्मको कार्यक्रममा प्रतिवेदन लेखन खर्च रु २०००।०० पाउनेमा रु ५०००। भुक्तानी गरेको देखियो । नर्म्स भन्दा वढी खर्च असुलउपर गर्नुपर्ने रु</td><td>३०००.००</td></tr>
<tr><td>१११.</td><td>भौ.नं.१३-२०७६।३।२६, नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरको आर्थिक सामाजिक , साँस्कृतिक , बातावरणीय, प्राविधिक र पूर्वाधारजन्य बिकासको लागि कानूनले निर्धारण गरेको मापदण्डलाई आधार लिनुपर्ने र अपेक्षित उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नु पर्दछ । नगरपालिकाले बित्तीय समानिकरण पूजिगतबाट नगरको बिकास निर्माण तथा पूर्बाधार निर्माणमा खर्च गर्नुपर्ने रकम रामगोपालपुर बहुमूखी क्याम्पसलाई गत आ.व.को शिक्षकको पारिश्रमिक बापत रु १९१४४००। फर्निचर खरिद रु १३५६००। शैक्षिक भ्रमणमा रु १५००००। र प्रशासनिक खर्चका लागि रु १०००००। समेत रु २३०००००। क्याम्पस व्यवस्थापन समितिको २०७६।३।१५ को निर्णय अनुसार माग गरेको बिबरणको आधारमा निकासा गरी खर्च लेखेको देखियो । क्याम्पस सञ्चालन गर्न श्रोत व्यवस्थापन गर्नुपर्ने र नपुग केही रकम मात्र नगरपालिकाको आन्तरिक श्रोतबाट निकासा गर्नुपर्नेमा बिल भरपाई समेत नलिई बित्तीय समानिकरण तर्फको बजेटबाट खर्च दिन मिल्ने नदेखिएकाले असुलउपर गर्नुपर्ने रु</td><td>२३०००००.००</td></tr>
<tr><td>११२.</td><td>सार्बजनिक खरिद नियमाबली , २०६४ को नियम ९७ को उपनियम ११ मा उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राबिधिक बाट जाँचपास गराई कार्यालयबाट प्राप्त रकम र जनसहभागिताको रकम समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने र नियम १२५ बमोजिम निर्माण कार्यको एज बिल्ट नक्शा र कार्य सम्पन्न प्रतिवेदन बमोजिमका निर्माण कार्यको सम्बन्धमा बिल पेश गर्ने प्राबिधिक भन्दा एक तह माथिको प्राबिधिकबाट जाँच गराउनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट निर्माण गरेको निम्न कार्यको साईटमा खटिने प्राबिधिक भन्दा एक तह माथिको प्रबिधिक र कार्यालय प्रमुखले बिल भरपाई , नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन जाँच नगरी रु २०,८१,९७३.०० खर्च लेखेको देखियो । निर्माण कार्यमा साईट इञ्चार्ज माथिको प्राबिधिक र कार्यलय प्रमुखबाट जाँच गरेको प्रमाण र अनुगमन गराई प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | | २०८१९७३.०० |

| गो.भौ.नं. | बिबरण | भुक्तानी रकम |
|---|---|---|
| २५-०७६।३।२२ | वडा नं. २ मा ९० से.मी. का २ वटा हयुम पाईप खरिदको प्रयोगस्थल नखुलेको | ५५३७०.०० |
| ४५-०७६।३।२९ | रामजानकी आधारभूत बिद्यालयमा बिद्युतीकरण खर्चको नापी किताव, प्राविधिक मूल्याँकन नभएको | ६३२५०.०० |
| ५९-०७६।३।३१ | वडा नं. ३ मा कृषि सडक निर्माण कार्यको अन्तिम बिल प्राबिधिक र कार्यालय प्रमुख बाट प्रमाणित नभएको | १०००००.०० |
| ६१-०७६।३।३१ | महेन्द्र रा. उ. मा.बि. दक्षिण सामुदायिक भवन सम्म ग्रभेलिङ्ग कार्य रु ८६३९२७।३५ को प्राविधिक मूल्यांकन र नापी किताव इन्जिनियर र कार्यालय प्रमुखबाट प्रमाणित नभएको | ७७६०००.०० |
| ६२-०७६।३।३१ | वडा नं. ५ प्रगास मण्डलको घर उत्तर लक्ष्मण भण्डारकिो घर सम्म अधुरो पि.सि.सी. ढलान कार्य रु ४६०७५४।३७ को अन्तिम बिल र नापी कितावमा इन्जिनियर र कार्यालय प्रमुखबाट प्रमाणित नभएको | ३८५०००.०० |
| ६५-०७६।३।३१ | राम प्रताप साहको घर देखि टिमल महराको घरसम्म ग्राभेलिङ कार्य रु ३३१५६२। अन्तिम बिल , नापी किताव र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित नभएको | २८५०००.०० |
| १२३-०७६।३।३१ | ब्रमहस्थान पोखरी मर्मत अन्तिम बिल नभएको नापी किताव रु १००८२५।६७ खर्च नगर प्रमुखले ०७५।३।२५ मा भुक्तानी गर्न तोक आदेश गरेको इन्जिनियरबाट जाँच नगरेको ( डोजर भाडाको बिल रु १०८०००। ) | ९७०००.०० |
| १२४-०७६।३।३१ | वडा नं. ९ करहरबा पोखरी मेनरोड सम्म पैनी जिर्णेद्धार नगर प्रमुखले तोक आदेश गरेके इन्जिनियरबाट नापी किताव, बिल जाँच नगरेको | १०००००.०० |
| १५३-०७६।३।३१ | वडा नं. ३ ब्रम्हस्थान पोखरी जिर्णेद्धार कार्य बापत नगरप्रमुखले २०७६। ३।३१ मा डोजर भाडा रु ९७००० । को बिल भुक्तानी गर्ने तोक आदेश गरेको ल.ई. नापी,किताव , का.स. प्रतिवेदन इन्जिनियर बाट जाँच र कार्यालय प्रमुखबाट प्रमाणित नभएको | ९७०००.०० |
| १५८-०७६।३।३१ | वडा नं. ६ मा हयुम पाईप खरिद तथा जडान कार्यको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न नभएको र प्रयोग स्थल नखुलेको | १२३३५३.०० |
| | जम्मा | २०,८१,९७३.०० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ११३. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा नगरपालिकाको दैनिक प्रशासन तथा आर्थिक प्रशासन सञ्चालन र नियन्त्रण गर्ने कार्य प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखलाई जिम्मेवारी तोकेको छ । नगर प्रमुख र उप प्रमुख तथा निजका निजी सहायक (पि.ए.) ले खाजा, खाना तथा अन्य साना खरिद गर्न कुपन जारी गरी निम्नानुसार रु.५००६७०।०० खर्च गरेको देखियो । नगर प्रमुख, उप प्रमुख तथा पि.ए. बाट कुपन काटी खर्च गरेको अनियमित देखिएको रु. | ५००६७०.०० |

| गो.भौ.नं. | विवरण | खर्च रकम |
|---|---|---|
| १५५।०७५।१२।१९ | नगर प्रमुख र निजका पि.ए बाट कुपन काटी गरेको खर्च तोक नगर प्रमुखले तोक आदेश गरी ०७५।१२।३ देखि २४ सम्मको खाजा खाना खर्च लेखेको | ३८७८५.०० |
| २०६।०७६।२।१४ | नगर प्रमुखका पि.ए. राम जानकी मण्डललाई सोधभर्ना | ५०२००.०० |
| २२५।०७६।२।२६ | मेयर र निजका पि.ए. बाट कुपन काटी ०७६।२।१३ र १४ गते खाजा खाना र पानीको खर्च | २१०००.०० |
| २५७।०७६।३।११ | नगर प्रमुख र निजका पि.ए. ले कुपन काटेर खाना खाजा, पेय पदार्थको खर्च | ७४८८५.०० |
| २६४।०७६।३।१४ | नगर प्रमुख र निजका पि.ए बाट कुपन काटेर ०७५।१२।२५ र २६ गते बोर्ड बैठक र अतिथि सत्कार | ५६१६०.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>नव वर्षमा रु.१४०००।०० र कार्यालय प्रमुख, लेखा प्रमुख बिदाईमा रु.४९४९५।०० खुसी मिष्ठान्न भण्डारलाई भुक्तानी</td><td>११९६५५.००</td></tr>
<tr><td>२६५।०७६।३।१५</td><td>मेयर र निजका पि.ए. बाट कुपन काटी गाडी चालक, अतिथि समेतको बैशाख र जेठको खाना खाजा बापत नवरंग होटेललाई भुक्तानी</td><td>१०५०००.००</td></tr>
<tr><td>३५६।०७६।३।३१</td><td>नगर प्रमुख का पि.ए. राम जानकी मण्डललाई खाजा तथा जुसको सोधभर्ना</td><td>१६११०.००</td></tr>
<tr><td>२३।०७५।७।१८</td><td>नगर प्रमुखले कुपन काटी आगन्तुकलाई चिया नास्ता खर्च</td><td>१८८७५.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५००६७०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td><u>स्थानीय पूर्वाधार बिकास साझेदारी तर्फ</u></td><td></td></tr>
<tr><td>११४.</td><td>भौ.नं.२-०७६।३।२६, भैरवस्थान पर्खाल निर्माण तथा सौन्दरीकरण कार्यको लागत अनुमान रु ११८८१३८।९४ मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी नगरपालिकाबाट रु १०६७०००। र उपभोक्ता समितिबाट रु १२११३८।९४ ब्यहोर्ने गरी ०७६।२।३०भित्र सम्पन्न गर्नुपर्ने गरी ०७६।१।२२ मा उ.स. अध्यक्ष राम पदार्थ मंण्डल संग सम्झौता गरेकोमा रु ११४७२०१।९५ को कार्य सम्पन्न प्रतिवेदन पेश भई रु १०३००७९।४४ भुक्तानी गरेको छ । आयकर ऐन २०५८ के दफा ८८ र ८९ अनुसार प्यान बिल र भरपाईबाट गिटी बालुवा , माटो खरिद ढुवानी रु ३२३६००। मा १० प्रतिशत र ईटा ,सिमेन्ट तथा अन्य सामाग्री खरिद (भ्याट बिल) रु ५९०१८०।६० मा १.५ प्रतिशत र श्रमिकको ज्याला रु २७१५००। मा १ प्रतिशत करका दरले रु४२९०८। लाग्नेमा रु २१३५२। मात्र अग्रिम करक कट्टी गरेको देखियो। नियमानुसार कर घटी कट्टी गरेकोले नपुग कर असुलउपर गर्नुपर्ने रु</td><td>२१५५६.००</td></tr>
<tr><td>११५.</td><td>भौ.नं.३-०७६।३।३१, शिव मन्दिर अधुरो निर्माण , पर्खाल निर्माण र सौन्दर्यीकरण का लागि लागत अनुमान रु १०७९०३०।३७ मध्ये न.पा. बाट कन्टिन्जेन्सी ३ प्रतिशत बाहेक रु ९७००००। र उ.स. बाट रु १०९०३०।३७ ब्यहोर्ने गरी उ.स. अध्यक्ष दिपेन्द्र कुमार यादवसंग ०७६।२।३०भित्र सम्पन्न गर्नुपर्ने अवधि राखी ०७६।२।१५ मा कुमार यादवसंग संझौता भएकोमा रु १०८१४५०।७० मा कार्य सम्पन्न भएको प्रविधिक मूल्यांकन पेश भई रु ९७००००। भुक्तानी गरेको छ । आयकर ऐन, २०५८ को दफा ८८ र८९ अनुसार ज्यामी ज्याला रु ७४१००। मा १ प्रतिशत, बालुवा , गिटी प्यान बिल रु २५०९७३। मा १० प्रतिशत र सिमेन्ट , ईटा तथा अन्य सामाग्रीको भ्याट बिल रु ४६७४८१। मा १.५ प्रतिशतले अग्रिम कर र ३२०४४। लाग्नेमा रु १५२०४। मात्र कट्टी भएकोले नपुग कर असुलउपर गर्नुपर्ने रु</td><td>१६८४०.००</td></tr>
<tr><td></td><td><u>सडक बोर्डतर्फ</u></td><td></td></tr>
<tr><td>११६.</td><td>भौ.नं.२-०७६।३।२६,बिर्ता हरिनगरी सहसौल टिकुलिया सडकमा माटो तथा ग्राभेलिङ्ग कार्यको लागत अनुमान रु ३५७१४४४।१६ मध्ये सडकबोर्डबाट रु २५ लाख , न.पा. म्याचिङ फण्डबाट रु७८००००। बाट कन्टिन्जेन्सी रु ९८४००। कट्टा गरी रु ३१८१६०००। नगरपालिका र बाँकी रु ४३१७६२।३६ उपभोक्ताबाट व्यहोर्ने गरी उ.स. अध्यक्ष किसन कुमार मण्डलसंग संझौता भएकोमा रु ३६१३३६२।३६ को कार्य सम्पन्न मूल्यांकन पेश भई यस शीर्षकबाट रु २५ लाख र बाँकी म्याचिङ फण्डबाट भुक्तानी गरेको छ । आयकर ऐन , २०५८ को दफा ८८ र ८९ अनुसार डोर हाजिर ज्याला रु २४११००। मा १ प्रतिशत, माटो, गिटी, ग्राभेल खरिद ढुवानीका टुक्रा प्यान बिल रु ३३६२०००। मा १० प्रतिशत दरले रु ३३८६१८। कर कट्टी गर्नुपर्नेमा रु ५५०३३। मात्र कर कट्टी गरेको देखियो । नियमानुसार कर घटी कट्टी गरेकोले नपुग कर असुलउपर गर्नुपर्ने रु</td><td>२८३५८५.००</td></tr>
<tr><td>११७.</td><td>मू.अ.कर ऐन, २०५८ को दफा १४ मा मू.अ.करमा दर्ता भएको व्यक्ति , फर्म, संस्थाले यस ऐनको नियमाबली, २०५३को अनुसुची ५को अनुसुची ५को ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । आदित्य सप्लायर्स, बिजलपुरा महोत्तरीले रु २००००। दरले १३३ वटा प्यान बिल टुक्रा पारी रु २६६००००। को बिल जारी गरेको देखिएकोले मू.अ.कर रु ३४५८००। बिल टुक्रा पारी रु २६६००००। को बिल जारी गरेको छ। मू.अ.कर रु ३४५८००। करमा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा मू.अ.कर असुलउपर गर्नुपर्ने रु</td><td>३४५८००.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>११८.</td><td>भौ.नं.२-०७६।३।२६,बिश्वम्भर वडा नं. ६ मा कृषि सिंचाईको लागि ४ इन्च पाईप भएको ५० वटा बोरिङ्ग जडान कार्यको लागत अनुमान रु ३२७९६११।१४ मध्ये नगरपालिकाबाट रु २४२५०००। ( ७३.९४) र उपभोक्ता समितिबाट रु ८५४६११।१४(२६.०६ प्रतिशत) व्यहोर्ने गरी उ.स. अध्यक्ष जिबछ मण्डलसंग संझौता भएकोमा रु २८६३२७३।९३ को प्राबिधिक मूल्यांकन पेश भई रु २१८०५१०।०० भुक्तानी गरेको छ । संझौता अनुसार कार्यसम्पन्न अंक रु २८६३२७३।९३ मध्ये उपभोक्ता समितिको योगदान २६.०६ प्रतिशत ले रु ७४६१६९।१८ कट्टी गरी २११७१०४।७५ भुक्तानी गर्नुपर्नेमा आनुपातिक कट्टी घटीगरी भुक्तानी गरेको देखिएकोले असुलउपर गर्नुपर्ने रु</td><td>६३४०५.२५</td></tr>
<tr><td>११९.</td><td>आयकर ऐन,२०५८ को दफा ८७,८८र८९ मा मू.अ.कर बिजकबाट मालसामान खरिदगर्दा १.५ प्रतिशत , प्यान बिल तथा भरपाईबाट खरिद गरेमा १५ प्रतिशत र ढुवानी भाडा मा १० प्रतिशत र पारिश्रमिक तथा ज्यालामा छुट सीमा भित्र १ प्रतिशत सामाजिक सुरक्षा कर लाग्ने व्यवस्था छ । विश्वम्भर कृषि सिचाईको लागि ५० वटा बोरिङ निर्माण कार्य रु २८६३२७३।९३ को लागि १.५ प्रतिशत कर रु २१९२२। , १० प्रतिशत कर रु १९५००। र १ प्रतिशत सा.सु.कर रु १३००७। समेत रु ५५२२९। कर लाग्नेमा रु ३१७५५। मात्र कट्टी गरेको देखिएकोले नपुग कर असुलउपर गर्नुपर्ने रु</td><td>२३४७४.००</td></tr>
<tr><td>१२०.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । निम्नानुसारको पेश्की रु.९०२८००। आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । आर्थिक कार्यविधि नियमावलीनुसार यथाशिघ्र असुल फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रु.</th></tr>
<tr><td colspan="2">राजश्व वाडफाँड तर्फ</td><td>०</td></tr>
<tr><td>१</td><td>ना.सु. स्टोर मुसलिम बैठा</td><td>७५०००.००</td></tr>
<tr><td>२</td><td>स्वा.संयोजक रामचन्द्र यादव</td><td>३८४०००.००</td></tr>
<tr><td>३</td><td>स्वा.संयोजक रामचन्द्र यादव</td><td>२५०००.००</td></tr>
<tr><td colspan="2">आन्तरिक कोष चालु तर्फ</td><td>०</td></tr>
<tr><td>४</td><td>श्याम मण्डल</td><td>५०००००.००</td></tr>
<tr><td></td><td>समाजिक सुरक्षा तर्फ</td><td>०</td></tr>
<tr><td>५</td><td>परमानन्द साह</td><td>३२७८००.००</td></tr>
<tr><td></td><td></td><td>१३११८००.००</td></tr>
</table></td><td>१३११८००.००</td></tr>
<tr><td>१२१.</td><td>आन्तरीक लेखापरिक्षण :आर्थिक कार्यविधि नियमावली २०६४ को निमय ९६ मा कार्यालय प्रमुखले राजश्व,धौरौटी, विनीयोजन तथा कार्यसञ्चालन कोषको कोष तथा लेखा नियन्त्रण कार्यालयबाट आन्तरीक लेखा परीक्षण गराई प्रतिवेदनमा उल्लेखित बेरुजु फछ्यौयोट गरी नियम ९७ बमोजिम महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरिक्षण गराउनु पर्ने व्यवस्था भएकोमा संघीय बजेट बाहेक अन्य शीर्षकको आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्यालयको आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु असुल फछ्यौयोट गरेको देखिएन । आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा समावेश , निम्नानुसारका बेरुजु मनासिव देखि कायम गरिएका छन :-</td><td></td></tr>
<tr><td>१२१.१</td><td>अधुरो भवन निर्माण उपभोक्त समिति रामगोपालपुरलाई दश लाख भुक्तानी दिदा कार्यसम्पन्न प्रतिवेदन, खचको सार्वजनिकरण र सम्बन्धित वडाको सिफारिस नभएको देखियो । यसरी नियमानुसार कार्यसम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदन, खचको सार्वजनिकरण र सम्बन्धित वडाको सिफारिस पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु</td><td>१००००००.००</td></tr>
<tr><td>१२१.२</td><td>बैजु कुमार साहको चार दिनको बढी तलब भुक्तानी रु १६००। असुलउपर गर्नुपर्ने रु</td><td>१६००.००</td></tr>
<tr><td>१२१.३</td><td>८-२०७६।३।०८ कार्यक्रम खर्च भुक्तानी गर्दा समाज विकास संस्था बनौली दनौली लाई सडक नाटकको रकम भुक्तानी गर्दा अग्रिम आयकर रु १५५५। बैंक दाखिला नगरेकोले सम्वन्धितबाट असुलउपर गर्नुपर्ने रु</td><td>१५५५.००</td></tr>
<tr><td>१२१.४</td><td>उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको तीन पुस्ते बिवरण सहित उपभोक्ता समितिमा बस्न योग्य रहेको स्व घोषण पद भुक्तानीका कागजात गरेर संझौता गर्नुपर्नेमा सो प्रमाणहरु लिने गरेको नदेखिएकोले त्यसतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>१२२.</td><td>बेरुजु फछ्र्यौट एवं सम्परीक्षण : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ बमोजिम लेखापरीक्षणबाट देखिएका बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र दफा १९ मा तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्र्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । कार्यालयले डोर समक्ष निम्नानुसार रु १८७८०००।०० सम्परीक्षणको लागि पेश गरेकोमा असुल फछ्र्यौटका प्रमाणका आधारमा सम्परीक्षण गरिएको छ । सम्परीक्षणको जानकारी कार्यलयको लगत कट्टा गरी पछि पठाइने छ ।
<table>
<tr><th>सि.न.</th><th>आर्थिक वर्ष र दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>फछ्यौटको व्यहोरा</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>२०७४/७५<br>९८(३)</td><td>अधिकृत निलाम्वर मिश्रले नगर सभा संचालनको लागि लिएको पेश्की आ.व.को अन्त्य सम्म पनि फछ्यौट नभएको</td><td>गो. भा. नं. १ २०७६।३।३१ बाट बिल भरपाई पेश भई फर्छ्यौट</td><td>५०००००.००</td></tr>
<tr><td>२</td><td>२०७४/७५<br>९८(१०)</td><td>अधिकृत निलाम्वर मिश्रले ( यनिसेफ) किशोरी शिक्षाको लागि लिएको पेश्की आ.व.को अन्त्य सम्म पनि फछ्यौट नभएको</td><td>गो.भा.नं. १ २०७६।३।३१ बाट रु १२७३०००।को बिल भरपाई र रु १०५०००।बेरुजु दाखिला भई फर्छ्यौट</td><td>१३७८०००.००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>१८७८०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

अनुसूची - १
(रु हजारमा)

| सि.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | रामगोपालपुर नगरपालिका | महोत्तरी | ३० | ११० | ३३३५१ | ० | ० | ० | ३० | ११० | ३३३५१ | १४७७० | ३५३० | १३३५५ | ० | ० | ३१६५५ | १६९६ | ० | १६९६ |

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

असुसूची - २
( रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | रामगोपालपुर नगरपालिका | महोत्तरी | २७९०० | ९६९०६ | १८११५५ | ७१०४१ | ३४९१०२ | २१२४६० | १४४१०२ | १९४२ | ३५८५०४ | १८४९८ |

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

अनुसूची- ३
(रु हजारमा

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्यौंट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | रामगोपालपुर नगरपालिका | महोत्तरी | ३७१४० | १८७८ | ३५२६२ | ० | ३३३५१ | ६८६१३ |